म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ९९ आइतबार ३ मंसिर २०८० ने. सं. ११४४ कछलाथ्व 19 November 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मण्डु खोलामा छोडियो असला माछाको भूरा

हेटौंडा, २ मंसिर/मकवानपुर थाहा नगरपालिका-४ मा रहेको मण्डुखोलामा रैथाने असला माछाको भुरा छाडिएको छ । खोला तथा नदीहरुमा प्राकृतिक रुपमा रहँदै आएका माछाको सन्तुलन कायम राख्नका करुणाभूमि सामुदायिक बन क्षेत्रमा रहेको खोलामा पाँचसय असला माछाको भुरा छोडिएको हो ।

खोलामा रैथाने माछा संरक्षण गर्दै हुर्केका माछा बिक्री गर्न सके स्थानीयको आम्दानीको स्रोत बढाउन सकिने करुणाभूमि सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष बिनोद लामाले जानकारी दिए । अध्यक्ष लामाले भने-'नगरका अन्य खोलामा पनि रैथाने असला माछाका भुरा छोडिने योजना बनाएका छौं ।' करुणाभूमि सामुदायिक वन क्षेत्रमै रहेको मण्डुखोलामा १५ सय असला माछाको भुरा छाड्ने लक्ष रहेको जानकारी दिए ।

दसैं-तिहारभित्र

# बागमतीमा दुर्घटनाबाट २३ जनाको मृत्यु, जुवा खेल्ने १०८ जना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २ मंसिर/ २०८० सालको नेपालीहरुको महान चाड दसैं र तिहार सकिएको छ । छठ पर्व आज आइतबार तराईदेखि पहाडसम्म मनाईदैछ ।

हर्षोल्लासका साथ चाडपर्व मनाइरहँदा दसैं र तिहारमा दुर्घटना र अन्य अपराधका घटनाले कतिपय परिवार दु:खमा छन् । चाडपर्वमा सवारी साधनको चाप बढ्नु, लापरबाहीसँग सवारी चलाउनुलगायत कारणले दुर्घटना बढी हुने गर्दछन् । चाडपर्वमै अपराधका घटना पनि बढ्ने गरेको छ । २०८० सालको दसैं र तिहारमा मकवानपुर जिल्लासहित बागमती प्रदेशको १० जिल्लामा (काठमाडौं उपत्यकाबाहेक) सामान्य दिनमा भन्दा बढी दुर्घटना र अपराधका घटना भएको प्रहरी तथ्यांक छ ।

दसैं र तिहार यता बागमती प्रदेशमा १ सय ५६ वटा सवारी दुर्घटना हुँदा २३ जनाको मृत्यु भएको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । प्रदेश प्रहरीका अनुसार उपत्यकाका ३ जिल्ला बाहेक प्रदेशका १० जिल्लामा दसैं, तिहार जस्ता चाडपर्वको समयमा भएका एक सय ५६ वटा सवारी दुर्घटनामा परी २३ जनाले ज्यान गुमाएका हुन् । दुर्घटनाबट तीन सय ५१ जना घाइते भएका छन् । प्रहरीले चाडपर्वका बेला जाचँ गर्दा ५९ हजार ७ सय ३२ वटा सवारी कारबाहीमा परे । जसबाट चार करोड ८८ लाख ५९ हजार ५ सय रुपैयाँ जरिवाना स्वरुप राजस्व संकलन गरेको छ ।



दसैंभर मकवानपुरसहित बागमती प्रदेशमा १७ को मृत्यु भएको थियो । दसैंपछि तिहारसम्म आइपुग्दा दुर्घटनाबाट थप ६ जनाको मृत्यु भएको पाइएको छ । मकवानपुरमा मात्रै विजयादशमी (दसैं)को कात्तिक १ देखि ११ गतेसम्म सवारी दुर्घटना र अन्य घटनामा गरी चार जनाको मृत्यु भएको थियो । दसैंमा मकवानपुरको हेटौंडा उपमहानगरपालिका, बागमती गाउँपालिका, भीमफेदी गाउँपालिकामा भएको सवारी दुर्घटनामा परी तीन जनाले ज्यान गुमाएको जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । दुर्घटना बाहेकको घटनामा भीमफेदी गाउँपालिकामा भीरबाट लडेर एक वृद्धको मृत्यु भएको थियो ।

मकवानपुरमा दसैंको एक साता अवधिमा १४ वटा सवारी दुर्घटना भएको थियो । मकवानपुरमा गतवर्षको दसैंमा भएको सवारी दुर्घटनाको अवस्थालाई हेर्दा यसवर्षको दसैंमा बढी दुर्घटना भएको छ । गतवर्षको दसैं अवधिमा ६ स्थानमा ९ वटा सवारी साधन दुर्घटना भएका थिए । ती दुर्घटनामा तीन जनाको मृत्यु भएको थियो भने ५३ जना घाइते भएका थिए ।

यसैगरी, बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका प्रवक्ता प्रहरीवरिष्ठउपरीक्षक दीपक रेग्मीले बागमती प्रदेशका १० जिल्लामा यस अवधिभित्र ३ सय ९ वटा अपराधका घटना दर्ता भएको जानकारी दिए । ती घटनामा संलग्न १ सय ९९ जनालाई पक्राउ गरी आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । चाडपर्वका बेला नागरिकलाई सहज सेवा दिन बागमती प्रदेशका १० जिल्लामा ५९ वटा यात्रु सहायता कक्ष स्थापना गरी सेवा प्रदान गरिएको रेग्मीले बताए । प्रतिबन्धित जुवा खेल्ने क्रममा १ सय ८ जनालाई प्रहरीले पक्राउ गरेको छ । कानुनअनुसार पैसाको हारजित हुने गरी कुनैपनि प्रकारको जुवा खेल्न प्रतिबन्ध छ । तर, चाडपर्वको मौका छोपेर मकवानपुरसहित बागमती प्रदेशका जिल्लाहरुमा जुवा खेल्ने गरिन्छ । चितवन, मकवानपुर, काभ्रे, नुवाकोट र सिन्धुलीबाट जुवा खेल्ने क्रममा १ सय ८ जना पक्राउ परेका थिए । उनीहरुको साथबाट १६ लाख ८९ हजार ५ सय २९ रुपैयाँ बरामद गरी कानुन बमोजिम अनुसन्धान भइरहेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

बागमती प्रदेशमा चाडपर्वको मौका छोपेर भन्सार छलेर ल्याइएको अवैध चिनी १२ क्विन्टल ९ सय ६५ केजी बरामद भएको छ । चिनी भारतमा सस्तो र नेपालमा अत्याधिक महंगो भएकाले यसको कालोबजारी फस्टाइरहेको छ । अवैध रुपमा ओसारपसार गर्दै गरेको ९ लाख ४६ हजार ४ सय २० रुपैयाँ मूल्य बराबरको कुर्ता सुरुवाल र साडी प्रहरीले बरामद गरेको छ । प्रहरीले मकवानपुर, चितवन र सिन्धुलीमा चाडपर्वको बेला ५ बोरा, ४४ पोका र ४ सय ५२ प्याकेट पटका तथा विस्फोटकपदार्थ बरामद गरेको छ ।

**४४० जनाको यात्रु ठगिनबाट जोगिए**

बागमती प्रदेश प्रहरीको सक्रियताका कारण ४ सय ४० जना यात्रु भाडारकम ठगिनबाट जोगिएका छन् । चाडपर्वको मौकामा यात्रुहरु अत्याधिक ठगिने गरेका छन् ।

प्रदेश प्रहरीले यात्रुसँग तोकिएको भन्दा बढी भाडा लिने ५८ सवारी साधनबाट रकम फिर्ता गराएको छ । दसैं, तिहार र छठ पर्वको मौका छोपी यात्रुसँग तोकिएको भन्दा बढी भाडा लिएको पाइएपछि बढी भाडा लिएबापतको रकम फिर्ता गराएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

चाडपर्व अवधिभर ५८ सवारी साधनबाट ४४० जना यात्रुको बढी भाडा वापत एकलाख १३ हजार ६ सय ७० रुपैयाँ फिर्ता गराएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका प्रवक्ता एसएसपी रेग्मीले जानकारी दिए । बागमती प्रदेश मातहतका जिल्लामा ५९ वटा यात्रु सहायता कक्ष स्थापना गरी सेवा प्रदान गरिएको उनले बताए ।

# सिआनमा कार्कीले छोडे, अग्रवाल आए



साझाकुरा संवाददाता

हेटौंडा, २ मंसिर/ हेटौंडा-९ लामसुरेमा रहेको सिआन पुनस्थापना केन्द्रको सातौं वार्षिक साधारणसभा तथा अधिबेशनले अध्यक्षमा बिजेन्द्र अग्रवाललाई चयन गरेको छ । शनिबार अपरान्ह भएको साधारणसभाले ४ वर्षे कार्यकालका लागि अग्रवालको अध्यक्षतामा ९ सदसीय नयाँ नेतृत्व चयन गरेको हो । अग्रवाल यसअघि केन्द्रको उपाध्यक्ष पदमा रहेर काम गर्दै आएका थिए ।

केन्द्रको उपाध्यक्षमा अनिल अधिकारी, सचिवमा मेनुका लामा, सहसचिवमा ओम फुँयाल, कोषाध्यक्षमा मन क्षेत्री, सदस्यहरुमा अनिश दाहाल, सुभेच्छा कार्की, मिनु अग्रवाल, बिनोद आचार्य चयन भएका छन् । निर्वाचन मण्डलका संयोजक एबम् मामाघर नेपालका प्रमुख अर्पण पराजुलीले नयाँ नेतृत्वको घोषणा गरेका थिए ।

शम्भुसिंह कार्कीको सभाध्यक्षतामा भएको साधारणसभाको उद्घाटन गर्दै प्रतिनिधिसभा सदस्य दीपकबहादुर सिंहले सिआनले हजारौं घरपरिवारको पीडामा मल्हम लगाउने काम गरिरहेको बताए । पुनस्थापना केन्द्रबाट उपचारपश्चात परिवारमा पुगेका युवालाई राज्यले रोजगारी दिनुपर्ने सांसद सिंहले बताए । विद्यालय तह पार गर्दै गरेका अब्बल विद्यार्थी अमेरिका, युरोप र अष्ट्रेलिया जाने, कमजोर युवा खाडीमा श्रम गर्न जाने र बाँकी स्वदेशमा बसेका युवा पनि कुलतमा लाग्दा समाज अँध्यारोमा धकेलिन पुगेको सांसद सिंहले बताए ।

प्रतिनिधि सभासदस्य बिन्दबासिनी कंसाकारले कुलतको समस्या घरघरमा रहेको र त्यस्ता समस्यालाई लुकाएर पीडा सहेर नबस्न आग्रह गरिन् । कार्यक्रममा प्रदेशसभा सदस्य ज्ञानुजंग लामाले नेपालमा १० लाख युवा कुनै न कुनै कुलतमा फसिरहेको बताए । वागमती प्रदेशमा रहेका ९० भन्दा बढी सुधारगृहमध्य सिआन पहिलो नम्बरमा आउन सफल रहेको प्रदसभा सदस्य लामाले बताए ।

कार्यक्रममा केन्द्रका अध्यक्ष कार्कीले संस्थाको प्रगति प्रतिबेदन र कोषाध्यक्ष तानियाँ अग्रवालले करिव ७३ लाख रुपैयाँको आयब्ययको प्रतिबेदन प्रस्तुत गरेकी थिइन् । केन्द्रले ७ वर्षको अवधिमा एक हजार आठ सय ८७ जनाको उपचार गरेको र हाल ४३ जना केन्द्रमा रहेको अध्यक्ष कार्कीले बताए । मकवानपुरमा करिव १२ हजार युवा बिभिन्न खालको दुर्ब्यसनीमा लागेको र त्यसमध्ये २३ प्रतिशत महिलाको संख्या रहेको बताइएको छ ।

साधारणसभाको अवसरमा केन्द्रको स्थापनाकालदेखि समाचार लेखन गरी सहयोग पुऱ्याएको र दोस्रो पटक साहसिक रुपमा मेचीमहाकाली साइकलयात्रा सम्पन्न गरेको भन्दै नेपाल पत्रकार महासंघ मकवानपुरका पूर्वअध्यक्ष भानुभक्त आचार्यलाई कदरपत्रले सम्मानीत गरिएको थियो । त्यस्तै केन्द्रको स्थापनाकालदेखि नै उल्लेखनीय योगदान दिएको भन्दै हेटौंडा-९ का निवर्तमान वडाध्यक्ष लक्ष्मण भण्डारी, संस्थाका पूर्वकर्मचारी किरण लामालाई पनि साधारणसभाको अवसरमा सम्मानीत गरिएको थियो ।

केन्द्रले लागूऔषध दुर्ब्यसनीको उपचार गर्ने मात्र नभई र बिभिन्न स्थानमा जनचेतना अभिवृद्धिका कार्यक्रम समेत गर्दै आएको केन्द्रका प्रमुख सौजन डीसीले बताएका छन् । लागुऔषधको नशामा डुबेका युवाहरुको उद्धारमा काम गर्न चुनौतीपूर्ण रहेको उनले बताए । केन्द्रमा सामाजिक, मानसिक र व्यवहारिक ज्ञानसँगै सीप र आर्थिक उपार्जनको माध्यमसँग जोड्न बिभिन्न तालिम संचालन गराइएको डीसीले बताए ।

# थाहा फिल्म फेस्टिबलमा दैनिक नेपाली चलचित्र देखाइने




साझाकुरा संवाददाता

हेटौंडा, २ मंसिर/थाहा फिल्म फेस्टिभलको साताव्यापी कार्यक्रम हरेक दिन नेपाली चलचित्र देखाइने भएको छ । आयोजकले सोही अनुसार कार्यतालिका तयार पारेको संयोजक प्रमोद जोशीले बताए ।

कार्यक्रमका लागि ६ वटा नेपाली कथानक चलचित्र र १६ वटा लघुचलचित्र र ६ डकुमेन्ट्री प्रदर्शन गर्ने व्यवस्था मिलाइएको उनले बताए । जोशीका अनुसार फेस्टिभलमा डेसान, ऐना झ्यालको पुतली, बुलबुल, राधा, प्रकाश र आमा खाण्डो सहित चलचित्र तथा लघुचलचित्र र वृत्तचित्रहरु प्रदर्शन गरिनेछ । थाहानगरको जेसीज हलमा फिल्म देखाइने उनको भनाई छ ।

मङ्सिर १० गते ११ बजेदेखि १ बजेसम्म बुलबुल, १ बजेदेखि ३ बजेसम्म जुनको, कन्फ्युजन, बेर ट्रिज इन द मिस्ट, ३ बजेपछि आइरन डिगर प्रदर्शन गरिने छ भने मङ्सिर ११ गते ११ बजेदेखि १ बजेसम्म ऐना झ्यालको पुतली, १ बजेदेखि ३ बजेसम्म सेनाको चेली, युद्धका बाछिटा, कलम ३ बजे गुर्खा गर्ल, गड्स बफेलो, को-हज्ब्याण्ड प्रदर्शन गरिने छ ।

मङ्सिर १२ गते ११ बजेदेखि १ बजेसम्म प्रकाश, १ बजेदेखि ३ बजेसम्म जालगेडी, जुनुको जुत्ता, हील्स अन द बस, ३ बजेपछि हेयर कट, मङ्सिर १३ गते ११ बजेदेखि १ बजेसम्म आमा खाण्डो, १ बजेदेखि ३ बजेसम्म ग्याटलिङ, फ्यान, छोरा, डिभिनेशन, ३ बजेपछि म अलप हुन चाहन्छु, मङ्सिर १४ गते ११ बजेदेखि १ बजेसम्म द सेक्रेट्स अफ राधा, १ बजेदेखि ३ बजेसम्म दाद्या, मलामी ३ बजेपछि डेसान प्रदर्शन गरिने छ ।

फिल्म फेस्टिभलमा थाहाका पर्यटकीय सम्भावनालाई उजागर गर्ने वृत्तचित्र प्रदर्शन गरिने भएको छ । फेस्टिभलमा प्रदर्शनी गर्न स्थानीयस्तरका विभिन्न क्षेत्रमा छायाङकन गरिएको वृत्तचित्र प्रदर्शन गरिने संयोजक जोशीले बताए । फेस्टिभलको उद्घाटनका दिनमा नै वृत्तचित्र देखाइने उनले बताए ।

मङ्सिर ९ गते बिहान ११ बजे उद्घाटनकै दिन दिउँसो ३ बजे स्थानीयस्तरमा तयार बनाइएको थाहा वृत्तचित्र प्रदर्शन गरिने उनको भनाई छ । उद्घाटनमा प्रदर्शनका लागि आयोजकले वृत्तचित्र छायांकन गरी निर्माणको अन्तिम चरणमा पुगेको उनले बताए । फिल्म फेस्टिभलमा नेपाली कथानक चलचित्र, लघुचलचित्र र वृत्तचित्र प्रदर्शन गर्ने क्रममा थाहा नगर पालिकाको पर्यटन प्रवर्द्धनका लागि स्थानीयपन झल्काउने वृत्तचित्र तयार पारिएको उनको भनाई छ ।

# नगर प्रहरीद्वारा बरामद मिठाई र तरकारी नष्ट



साझाकुरा संवाददाता

हेटौंडा, २ मंसिर/ बजारमा बिभिन्न कामका लागि आउने मानिस हिड्नका लागि प्रयोग हुने फुटपाथमा बिक्रीका लागि राखेको सामग्री नगरप्रहरीले बरामद गरी नष्ट गरेको छ ।

चाडवाडको सयममा पैदलयात्रीलाई बाटो छेकेर फुटपाथमा बिक्रीका लागि राखेको मिठाई, फलफूल र तरकारी सहितका सामग्री जफत गर्दै प्रहरीले शुक्रबार नष्ट गरेको हो ।

हेटौंडा-१० राप्तीखोला नजिकै खाडल खनेर प्रहरीले जफत गरेको सामग्रीहरु नष्ट गरेको हेटौंडा उपमहानगरपालिका कार्यालयले जनाएको छ । नगरप्रहरीले असोज र कात्तिक महिनामा पिठोबाट बनेको खुल्ला मिठाई ८५ किलोग्राम र तरकारीहरु २२ किलो ५ सय ग्राम फुटपाथबाट जफत गरेको थियो । यसरी अनाधिकृत रुपमा राखिएका सामग्री नष्ट गरेको बताइएको छ ।

मुख्यगरी हेटौंडा बजार क्षेत्रको बुद्धचोक, खोपेगल्ली, राप्तीरोड र तिहार बजारका लागि दिइएको हेटौंडा अस्पताल अगाडि अव्यवस्थित ढंगबाट बिक्रीका लागि राखिएका सामग्री जफत गरीएको नगरप्रहरी इन्चार्ज नेत्रप्रसाद ढकालले बताए ।

उपमहानगरले पटक/पटक सार्वजनिक सूचना गर्दै फुटपाथमा सामग्रीहरु राखेर बिक्री नगर्न व्यवसायीहरुलाई जानकारी गराए पनि कार्यान्वयन नभएपछि सामग्री जफत गर्न थालेको बताइएको छ ।

# नवजात शिशु फेला

साझाकुरा संवाददाता

हेटौंडा, २ मंसिर/हेटौंडा उपमहानगरपालिका-४, हुप्रचौरमा नवजात शिशु फेला परेको छ । हेटौंडा-४ स्थित बागमती प्रदेश लोकसेवा आयोगको कार्यालय नजिकै विहीबार साँझ सालनाल सहितको नवजात शिशु फेला परेको मकवानपुर प्रहरीले जनाएको छ । स्थानीयले बच्चा रोएको सुनेपछि प्रहरीलाई खबर गरेका थिए । वडा प्रहरी कार्यालय हेटौंडाको टोली र स्थानीयले शिशुलाई उपचारको लागि हेटौंडा अस्पताल लगेका थिए ।

हेटौंडा अस्पतालमा नवजात शिशुको उपचार भइरहेको तथा स्वास्थ्य अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ । घटनाको सम्बन्धमा आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# उच्चशिक्षाको नाममा विदेशिने रकम रोक्न चुनौती

शैक्षिकसत्र २०२२/२३ मा नेपाली विद्यार्थीले अमेरिकाको बिभिन्न विश्वविद्यालयमा उच्चशिक्षा अध्ययन गर्ने क्रममा करिव ६३ अर्ब नेपाली रुपैयाँ अमेरिका लगेका छन् । नेपाली विद्यार्थीले अमेरिकी अर्थतन्त्रमा ४७ करोड अमेरिकी डलर (करिब ६२ अर्ब ५८ करोड रुपैयाँ) योगदान गरेका छन् । अमेरिकामा अध्ययनरत अन्तर्राष्ट्रिय विद्यार्थीमा ११ औं ठूलो संख्या नेपालीको रहेको प्रतिबेदन सार्वजनिक भएको छ । त्यो रकम नेपालमै खर्च गर्ने हो भने नेपालको विकास गर्न धेरै समय कुर्नै पर्दैन । इन्स्टिच्युट अफ इन्टरनेसनल एजुकेसन र यूएस डिपार्टमेन्ट अफ स्टेट ब्युरो अफ एजुकेसनल एन्ड कल्चरल अफेयर्सले हालै सार्वजनिक गरिएको 'ओपन डोर्स रिपोर्ट २०२३' मा अमेरिकामा अध्ययनरत अन्तर्राष्ट्रिय विद्यार्थीमा ११ औं ठूलो संख्या नेपालीको रहेको देखाएको छ । रिपोर्टका अनुसार शैक्षिकसत्र सन् २०२२/२३ मा अमेरिकामा अध्ययनरत नेपाली विद्यार्थीको संख्या १५ हजार ९० छ । अघिल्लो शैक्षिकसत्रको तुलनामा २०२२/२३ मा अमेरिकामा अध्ययनरत नेपाली विद्यार्थीको संख्या २७.९ प्रतिशतले वृद्धि भएको हो । नेपालमा कुनै सम्भावना नदेख्ने युवा पुस्तालाई रोक्न नसकेको खण्डमा मुलुक केही वर्षभित्रै ठूलो दुर्घटनामा पर्ने सम्भावना छ । नेपालका विश्वविद्यालयमा विद्यार्थी भर्ना नभएपछि प्राध्यापकहरु झिंगा मारेर बस्नुपर्ने अवस्था आइसकेको छ ।

नेपाली विद्यार्थीहरु उच्चशिक्षा अध्ययनका लागि विभिन्न मुलुक जाने क्रम वर्षेनी बढेसँगै नेपालबाट विदेश जाने रकम पनि बढ्दै गएको छ । पछिल्लो समय अध्ययनका लागि विदेश जाने लहर चलेको छ । पैसा विदेशिएको त छ नै, त्यसमा पनि विदेशका विश्वविद्यालयमा उच्चशिक्षा अध्ययन गर्न चाहने विद्यार्थीलाई परामर्श दिन खोलिएका कन्सल्टेन्सीबाट विद्यार्थी ठगिने क्रम पनि बढ्दै गएको छ । राजधानीलगायत देशका प्रमुख सहरमा खोलिएका धेरैजसो कन्सल्टेन्सी भने कुनै पनि सरकारी निकायमा दर्ता नै नगरी संचालनमा रहेका छन् । अध्ययन गर्न विदेश पठाइदिने भन्दै विद्यार्थीसँग ठूलो रकम ठगेर कन्सल्टेन्सीका संचालक फरार हुने क्रम पनि बढ्दै गएको छ । कन्सल्टेन्सीको उद्देश्य विदेशी शैक्षिक संस्थामा अध्ययन गर्न चाहने विद्यार्थीलाई विदेशी कलेज र भर्ना प्रक्रियाका साथै भिसा प्रक्रियाको जानकारी दिएर सहयोग गर्ने हो । तर, कन्सल्टेन्सीले आवश्यकताभन्दा बढी पैसा असुल्ने र विद्यार्थीसँग पैसा उठाएर भाग्ने गरेको उजुरी प्रहरीमा दैनिक आउने गरेका छन् । शैक्षिक परामर्शदाता संस्थाको अनुमानमा उच्चशिक्षाका लागि विदेश जाने नेपालीका कारण वर्षेनी सवा खर्ब रुपैयाँको हाराहरीमा रकम विदेशीएको छ ।

शिक्षा मन्त्रालयको आँकडाअनुसार आर्थिक वर्ष २०७९/८० मा ९२ हजार एक सय ४१ विद्यार्थीले विदेशमा अध्ययनका लागि अनुमतिपत्र (ने अब्जेक्सन लेटर) लिएको देखिन्छ । हाल दैनिक यो सङ्ख्या पाँच सयका हाराहारीमा रहेको छ । नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार पछिल्लो नौ महिनाको अवधिमा ६७ अर्ब १९ करोड रुपैयाँ बाहिरिएको छ । अघिल्लो आवको सोही अवधिमा ४३ अर्ब ६७ करोड रुपैयाँ बाहिरिएको थियो । नेपालका विद्यार्थी सबैभन्दा धेरै अष्ट्रेलिया, क्यानडा, जापान, अमेरिका, ब्रिटेन, युरोपियन मुलुक र भारतमा गएको देखिन्छ । नेपालमा स्नात्तक तहको शिक्षा ४ वर्षको बनाएर बजारले माग गरे अनुरुपको जानशक्ति उत्पादन गर्न सक्छौं र कोर्स पूरा हुन्छ भन्ने सोचमा नेपालका शिक्षा प्रशासक लागेका थिए । तर, अरु देशका विश्वविद्यालयमा तीन वर्षको पढाई बनाउँदै गर्दा अब हामीले हाम्रा विद्यार्थी नेपालमा रोक्न सक्ने अवस्था छैन । यो बिषयमा अव गंभीर बनेर सोच्ने की नसोच्ने त ? यसलाई परिवर्तन गर्न खाँचो रहेको छ । त्यसैगरी देशमा आवश्यक जानशक्तिको बारेमा सरकारको प्रक्षेपण नहुँदा उच्चशिक्षामा असर परिरहेको छ । शिक्षामन्त्री र मन्त्रालयले उच्चशिक्षामा बहस गर्न आवश्यक रहेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० मंसिर ४ गते सोमबार, २० नोभेम्बर २०२४ । अष्टमी, कात्तिक कृष्णपक्ष । कछलाथ्व ११४३ ने.सं. । सूर्योदय ६:२९, सूर्यास्त ५:०८ । विश्व बाल दिवस । गोपाष्टमी । गोरखकाली पूजा । अष्टमीब्रत ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : निर्माण कार्यमा प्रगति | **तुला** | : विद्यार्थीका लागि लाभदायक |
| **वृष** | : सामाजिक काममा सफलता | **वृश्चिक** | : सम्मानित काम हुनेछ |
| **मिथुन** | : सन्तानबाट खुशी मिल्ने | **धनु** | : धार्मिक काममा रुचि बढ्नेछ |
| **कर्कट** | : व्यापारमा केही हानि हुने | **मकर** | : काममा एकरुपता आउनेछ |
| **सिंह** | : शत्रु पराजित हुने | **कुम्भ** | : यात्राबाट लाभ हुनेछ |
| **कन्या** | : मानसम्मान बढ्ने | **मीन** | : धनको समस्या पार लाग्नेछ |

# आन्तरिक पर्यटन प्रबर्द्धन गर्न मेची-महाकाली गरे हेटौंडाका साइकलप्रेमीले



✍ राजु थापा मगर



मेचीमहाकाली साइकल यात्रामा सहभागी हेटौंडाका साइकलप्रेमी ११ जना र बुटवलका २ जना गरी १३ जनाले १० दिनमा मेचीमहाकाली १०२८ किमिको दूरी पार गरियो । समूहले कात्तिक ११ गते शनिबार झापाको सीमावर्ती बजार मेचीनगरबाट सुरु गरेको साइकलयात्रा २१ गते मंगलबार समापन गरी बुधबार हेटौंडा फर्केको हो । साइकलयात्रा टोलीमा सहभागीले उत्साहजनकरुपमा यात्रा सम्पन्न गरेका छन् ।

कात्तिक ११ गते शनिबार कोजाग्रत पूर्णिमाको दिन बिहान ८ बजे मेचीनगरस्थित नेपाल-भारत सीमानाकाको मेची पुलबाट साइकलयात्रा सुरु गरेको टोलीले १० दिनमा यात्रा सम्पन्न गरी ११ औ दिनको बिहान कञ्चनपुरको गड्डाचौकी भन्सार नाकामा पत्रकार सम्मेलन गरी यात्रा समापन भएको जानकारी गराइयो । साइकलयात्रामा सहभागी सदस्यमध्ये लक्ष्मीचरण श्रेष्ठ र भानुभक्त आचार्यले २५ वर्षको अन्तरालमा दोस्रो पटक मेचीमहाकाली साइकल यात्रा गरेका हुन् ।

स्वास्थ्य, पर्यावरण, पर्यटन र साइकल संस्कृति विकासको निम्ति साइकल भन्ने सकारात्मक सन्देस प्रवाह गर्दै हिमालयन राईडर्स सोसाइटी हेटौंडाको समन्वयमा सोसाइटीका संस्थापक अध्यक्ष चेतनाथ आचार्यको नेतृत्वमा यात्रा सुरु गरिएको थियो । सोसाइटीका उपाध्यक्ष राजु थापामगरका अनुसार यात्राअवधिमा बिभिन्न जिल्लाका साइकल साथीहरुले सहयोग गरेका थिए । आगामी दिनमा निर्माण गरिने सार्वजनिक यातायातका पूर्वाधारमा साइकल लेन, साइकल पार्किङ, अपाङ्गमैत्री लेन समाबेश गर्न पनि साइकलयात्रा फलदायी भएको छ ।

साइकलयात्रामा एकजना महिलाको सहभागिता रहेको थियो । हेटौंडा-४ की सीता श्रेष्ठले मेचीमहाकाली साइकलयात्रा सफलतापूर्वक सम्पन्न गर्ने मकवानपुरको पहिलो महिलाको रुपमा परिचय बनाएकी छिन् । टोलीमा ३६ वर्षदेखि ६५ वर्षसम्मका १३ जना साइकलयात्री सहभागी थिए । मकवानपुरबाट ठूलो संख्यामा २०५४ माघ महिनामा सामान्य साइकलमा हेटौंडाका ११ जनाले मेचीमहाकाली यात्रा गरेका थिए । भिजिट नेपाल ९८ को अवसरमा हेटौंडाको सहीद स्मारकलगायतका पर्यटकीयस्थलको जानकारी दिनका लागि ब्यक्तिगत खर्चमा उनीहरुले साइकलयात्रा गरेका थिए । ११ जनामध्ये २ जनाले पूर्वबाट हेटौंडासम्म साइकलयात्रा गरी बीचैमा यात्रा स्थगित गरेका थिए भने ९ जनाले १६ दिन लगाएर मेचीकाली साइकलयात्रा पूरा गरेका थिए ।

२५ वर्षअघिको पूर्वपश्चिम राजमार्गको अवस्था र बर्तमान अवस्थामा निकै फरक आएको र अहिले गियर सहितको साइकल उपलब्ध भएका कारण १० दिनभित्र यात्रा सम्पन्न गर्न सकिएको हो । ब्यक्तिगत खर्चमा हामीहरुले मेचीकाली साइकलयात्रा गरेका थियौं । नेपाल सरकारले आन्तरिक पर्यटन प्रबर्द्धनका लागि करोडौं रकम खर्च गर्दा पनिखासै उपलब्धी नदेखिएको अवस्था छ । तर, हामीले ब्यक्तिगत खर्चमा लाखौंको उपलब्धी हाँसिल गर्न सफल भएका छौं ।

टोलीमा लक्ष्मीचरण श्रेष्ठ, भानुभक्त आचार्य, चेतनाथ आचार्य, बुद्धिबहादुर आलेमगर, राजु थापामगर, लेखनाथ ढकाल, सरोज लामिछाने, ओकिलराज बानियाँ, दुर्गाप्रसाद लामिछाने, सुशीलकुमार चौधरी (बुटवल), सुरज खत्री (बुटवल), विकास बानियाँ, सीता श्रेष्ठ रहेका थिए । हेटौंडाका साइकलप्रेमीहरुले आफ्नो ब्यक्तिगत खर्चमा आन्तरिक पर्यटन प्रबर्द्धन गर्न मेचीमहाकाली साइकलयात्रा गरेपछि यो अभियानको सर्बत्र चर्चा भएको छ ।

हिमालयन राइडर्स सोसाइटी मकवानपुरमा आबद्ध भएका साइकलप्रेमीले दसैतिहारको बीचमा फुर्सद निकालेर मेचीमहाकाली साइकलयात्रा गरेका हुन् । स्वास्थ्य, पर्यावरण, पर्यटन र साइकल संस्कृति विकासको निम्ति साइकल भन्ने नारा बोकेर १३ जनाले मेचीमहाकाली यात्रा सम्पन्न गरेका छौं । तीब्र गतिमा युवाशक्ति विदेश पलायन भइरहेको प्रति चिन्ता ब्यक्त गर्दै युवाशक्ति पलायन हुनबाट रोकौं स्वदेशमा नै स्वरोजगारको वातावरण श्रृजना गर्न सम्बन्धित निकायलाई ध्यानाकर्षण गराऔं भन्ने सन्देश लिएर १० दिनमा मेचीमहाकाली साइकलयात्रा गरिएको हो ।

सकारात्मक सन्देश प्रवाह गर्दै २०८० कार्तिक ११ गते सनिबार पूर्वी सीमानाका काँकडभिट्टा मेचीपुलबाट १३ जनाको समूहले साइकल यात्रा सुरु गरी कार्तिक २० गते समापन गरिएको हो । हेटौंडाबाट १० जना पुरुष १ जना महिला, बुटवलबाट २ जना पुरुष सहभागी थिए । ३ यात्रालाई सहज बनाउनको निम्ति संचारयन्त्र उपलब्ध गराई सहयोग गर्नु भएकोमा चुरियामाई इलोक्ट्रोनिक्सका सञ्चालक धर्मराज पान्डेलाई धन्यबाद तथा आभार ब्यक्त गर्दछौं ।

मेचीबाट सुरुवात गर्दा साइकल साथी पुष्पराज दाहाल, मेची साइकल क्लब, पत्रकार मुक्ति पौडेल निवर्तमान मेयर बिमल आचार्यलगायत नेपाल प्रहरीहरुबाट यात्रीलाई शुभकामना दिएका थिए । इटहरीस्थित तरहरा क्लबका अध्यक्ष शिव राई साथै टिमले आफ्नो अमूल्य समयको प्रवाह नगरी १० किलोमिटर अगाडि लिन आउने, साथै खाना र आवासको प्रबन्ध गरिदिएर भयो वहाँहरुप्रति हार्दिक आभार ब्यक्त गर्दछौं ।

झुम्कामा साइकल साथी गेस नेपालीले चियाखाजाको प्रबन्ध गर्नु भै स्वागत सथै यात्रा सफलताको कामना गरेर हाम्रो यात्रालाई थपव सुखद बनाइदिनुभयो । दमकमा लक्ष्मी साइकल स्टोरले साइकल चेकअप गर्ने सहयोग गरेको थियो । तातो घाममा साइकल चलाईरहँदा बाटोमा नै रोकेर 'कोबिड हिरो' नाम उपादी पाएका शेरबहादुर थापाले चिसो जुस र रुद्राक्ष मालाले स्वागत गर्नु भई हामीलाई हौसला र उर्जा थपिदिनु भयो ।

साइकल साथी निर्दल केरुङले पनि हामीलाई चिसो जुसको प्रबन्द गरिदिनु भएको थियो । बर्दिबासको एफएम रेडियो परिवारले पनि स्वागत साथै यात्रा सफलताको कामना गरेको थियो । बर्दिबास नगरपालिकाका नगर प्रमुख प्रल्हादकुमार कार्की, प्रमुख प्रशासकीय अधिकृतसहितको नगरपालिकाको टिम, बर्दीबास-११ खयरमारा निबासी किशोरकुमार पौडेलले चिया सहित स्वागत साथै यात्रा सफलताको कामना गर्नुभयो । बर्दिबासमै मेची-महाकाली बुहारी आवाज समूहले चिसो जुस सहित स्वागत साथै यात्रा सफलताको कामना गर्नुभयो ।

चन्द्रनिगाहापुरस्थित होटल एसोसियसनले चिया, कफी सहित स्वागत साथै यात्रा सफलताको कामना गर्नुभयो । निजगढ राईडर्स क्लबले पनि धनसार पुलसम्म लिन आउनु भई निजगढको पहिचान बनेको पाकेको केरा खुवाएर साइकल चलाएर थाकेका यात्रीलाई स्वागत गर्नुभयो । नेपाल स्वंयम्सेवक निजगढमा नवीन लम्सालको परिवारलगायत वहाँको टिमले स्वागत साथै यात्रा सफलताको कामना गर्नुभयो ।

साइकल साथी मधुसुधन थारु र वहाँको परिवारजनले हामी १३ जनालाई एकछाक मीठो खानाको प्रबन्ध गरिदिनु भयो । बारा साइक्लिङ संघ सिमराको टिमले पथलैयासम्म आएर चिसो जुस सहित स्वागत गर्नु हुँदै यात्रा सफलताको शुभकामनाले हामीलाई थप हौसला र उर्जा थपिदिनुभयो । हेटौंडामा हिमालयन राइडर्स सोसाइटी परिवारका अध्यक्ष रामकुमार श्रेष्ठको नेतृत्वमा चुरियामाईसम्म लिन आउनु भई राजिप ठाकुर, सामबेद कंडेल, हरेराम राई, राजकुमार श्रेष्ठ, आयु दास, आशिष थापामगर, चन्द्र मानन्धर, प्रदीप थापा, दिलिप श्रेष्ठ, बुद्धराम श्रेष्ठ, सुरेश श्रेष्ठ, अनिल कार्की, इश्वर पाण्डे, उमेश आचार्य जीतेन्द्र महतोलगायत साइकल साथीहरुले स्वागत साथै खाजाको प्रबन्द गर्नुभयो ।

हिमालयन राइडर्स सोसाइटीका अबिभावकको रुपमा रहनुभएका भुटनदेबी र बनस्खण्डी मन्दिर ब्यवस्थापन समितिका अध्यक्ष राममान श्रेष्ठले भुटनदेबी मन्दिरबाट सगुन खुवाइ यात्रा सफलताको शुभकामना दिनुभयो । हिमालयन राइडर्स सोसाइटीका कानुनी सल्लाहकार नेल्सन घलान लसहति सोसाइटीका सदस्य आयुस दास, आसिष थापामगर, बुद्धराम श्रेष्ठ, दिलिप श्रेष्ठलगायत साइकल साथीहरुले बसामाडीसम्म सँगै साइकलमा साथ दिएर थप हौसला र उर्जा थपिदिनु भएको थियो ।

साइकल साथी अभिनब रानामगरले हामीलाई खादा ओढाएर स्वागत साथै यात्रा सफलताको शुभकामना दिनुभयो । २०५४ सालमा मेचीमहाकाली साइकलयात्रा गर्नुभएका माधव सुवेदी र रामहरि ढकालले नवलपुरमा तातो चिया सहित स्वागत र यात्रा सफलताको शुभकामना दिनुभयो । बसामाडीको क्रियाशील सहकारी संस्था र सरोज ढुंगाना र युनिलिभरको ट्रेडयुनियनको तर्फबाट जुस सहित खादा, मालाले सम्मान गर्दै यात्रा सफलताको शुभकामना दिनुभयो । लोथरको संजय रिफिलिङ सेन्टरको तर्फबाट सौगन लामा, सबिन र अति श्रेष्ठले खानाको प्रबन्ध गर्नुको साथै यात्रा अबधीभर यात्राको अवस्थाको बारेमा अपडेट लिई रहनुभयो ।

कावासोती साईक्लिङ क्लबका अध्यक्ष ज्योति श्रेष्ठको टिमले आफ्नो अमूल्य समयको पर्वाह नगरिकन बेलुकी अबेरसम्म बसेर भए पनि आवासको प्रबन्ध गरिदिनु भयो । साथै भोलिपल्ट बिहान पूर्वपश्चिम राजमार्गको मध्यबिन्दुसम्म १० किलोमिटर सँगै यात्रा गरी साथ दिनुहुँदै यात्रा सफलताको कामना गर्नुभयो । सुनवलमा राम थापामगर र योगेन्द्र खड्काले चिसो लस्सीले स्वागत साथै यात्रा सफलताको कामना गर्नुभयो । बुटवलमा अक्सफोर्ड कलेज र मनोज मररासिनी, लुम्बिनी सिटी कलेज र राहुल भुषाल, कलेजका विद्यार्थीले हामीलाई भब्य स्वागत गरेका थिए ।

बुटवलमा अग्रज पत्रकार महेन्द्र थापा, स्वस्तिक श्रेष्ठ, राजु तिवारी, पुकार थापा, मानिक श्रेष्ठ, मछिन्द्र श्रेष्ठ र प्रबीन जोशी, पत्रकार सुदीप भन्डारीलगायतबाट ऐतिहासिक जीतगढी पार्क घुमाउनुका साथै खाजाको प्रबन्ध सहित स्वागत र यात्रा सफलताको शुभकामना दिनुभयो । साइकल साथी सैनामैना टिम एचबी बर्मा, शंकर क्षेत्री, गोबिन्द ज्ञवालीलगायत टिमले खाजा सहित स्वागत साथै यात्रा सफलताको शुभकामना दिनुभयो ।

बाणगंगा जीतपुर साइकल क्लबले चिसो दही र मिठाईको प्रबन्ध गरी स्वागत साथै यात्रा सफलताको शुभकामना दिनुभयो । लमहीमा अभिषेक चौधरीले कफीको प्रबन्द गरिदिनु भई यात्रा सफलताको शुभकामना दिनुभयो । बाँसगडीसम्म आएर हामीलाई थप हौसला दिनुहुने भिजयन्द्र जीसीप्रति पनि हार्दिक आभार ब्यक्त गर्दछौं । कैलाली लम्कीमा स्व.यमलाल रसाईलीका भाइ किशोर र वहाँको परिवारसँग भेट गर्न पाउँदा खुशी लाग्यो । वहाँहरुले पनि चिया चिसो प्रबन्द गरिदिनुभयो ।

कैलाली इलाका प्रहरी टिमले पनि जुस र पानीको ब्यबस्था गरिदिनु भयो । कैलाली बेलौरीका साइकल साथी दीपक भट्ट र वहाँको छोरा रमित भट्टले पनि हामीलाई जुस सहित स्वागत गर्नुको साथै यात्रा सफलताको शुभकामना ब्यक्त गर्नुभयो । भट्टका बाबुछोराले गतवर्ष मात्र मेचीमहाकाली साइकलयात्रा गरेका थिए । कैलाली अत्तरियामा साथीहरुले स्वागत गर्नुको साथै यात्रा सफलताको शुभकामना ब्यक्त गर्नुभयो ।

हेटौंडा-११ नवलपुरका हरि पौडेलले भलारीस्थित महाकाली सिंचाई आयोजनाको निर्माण गर्ने साइट क्याम्पमा हामीलाई एकछाक खाना र आबासको प्रबन्द्ध गरिदिनु भएको थियो । राजमार्ग भन्दा करिब ५ किमि भित्र रहेको क्याम्पमा बस्ने खाने र क्याम्पफायर गर्ने प्रबन्ध निर्माण ब्यवसायी मित्र पौडेलले भानुभक्त आचार्यको चिनाजानीका आधारमा गर्नु भएको थियो । महेन्द्रनगरमा साइकल साथी भुवन बिष्ट, उमेश पन्त, क्षितिज भट्टले महाकाली पारीको चादनी दोधारा घुमाउन सहजिकरण गरिदिनु भएको थियो ।

शुक्लाफाँटा एफएमका सुजीत सेनालीले पनि साथ दिनुभएको थियो । यात्राअबधीभरको दैनिक अवस्थाको अपडेट लिइ हामीलाई थप हौसला र उर्जा थपीदिनुहुने २/२ पटक मेचीमहाकाली साइकल यात्रा गरिसक्नु भएका अनुभबी यात्री एचबी बर्मा र लक्ष्मण कोइरालाप्रति पनि हार्दिक आभारी छौं । अन्तमा मेरो यात्राको लागि हौसला र जोस दिनुहुने मेरो घरपरिवारलाई पनि मुरीमुरी धन्यवाद दिन चाहन्छु ।

मेची महाकाली यात्राअबधीभर सौहाद्र वातावरणका साथ रहनुहुने सहयात्रीहरुलाई विशेष धन्यवाद । पुरुष भन्दा नारी कम्जोर हुन्छन् भन्ने मानसिकतालाई गलत साबित गर्दै साहसिक मेचीमहाकाली यात्रा गर्नुहुने मकवानपुरकी पहिलो महिला सीता श्रेष्ठलाई उज्वल भबिष्यको कामना गर्दछौं । मेचीदेखि महाकलीसम्म जजस्ले हामीलाई भेट्नुभयो हौसला र उर्जा थपी दिनुभयो वहाँहरुप्रति हृदयदेखि नै आभार ब्यक्त गर्दछौं ।

*(लेखक हिमालयन राइडर्स सोसाइटी मकवानपुरका उपाध्यक्ष हुन् )*

# टिकटक प्रतिबन्ध र नियमनको बाटो

✍ प्रवेश सुवेदी

सन् २०२० को जुलाई महिनामा तत्कालीन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चिनियाँ कम्पनीको लगानी रहेको सामाजिक सञ्जाल टिकटकमाथि पूर्ण प्रतिबन्धको प्रयास गरेका थिए । टिकटकका अरू प्रतिस्पर्धी फेसबुक, गुगल, ट्वीटर (एक्स) लगायत अधिकांश ठूला डिजिटल प्लेटफर्म अमेरिकी कम्पनीका उत्पादन र सेवा हुन् ।

प्रविधि दुनियाँको अमेरिकी हिस्सालाई चुनौती दिँदै चिनियाँ लगानीको एउटा प्लेटफर्मले विश्वभर लोकप्रियता बढाउँदै जाँदा 'राष्ट्रवादी छवि' बनाएको ट्रम्प प्रशासनले बेवास्ता गर्न सक्ने अवस्था थिएन । टिकटकको लोकप्रियताले अमेरिकी अर्थतन्त्र, इन्टरनेट बजारमा यसले गरि राखेको नेतृत्व र चिनियाँ प्रविधिप्रति विश्वभरि बढ्न सक्ने सकारात्मक प्रभाव लगायत थुप्रै अमेरिकी रणनीतिक स्वार्थहरूलाई चुनौती थपिने प्रष्ट थियो ।

जसले गर्दा कि त स्वामित्व अमेरिकी कम्पनीलाई बिक्री गर्न कि अमेरिकाभरिको प्रतिबन्ध भोग्न ट्रम्प प्रशासनले टिकटकलाई दबाब दियो । यसपछि अमेरिकी कम्पनीलाई स्वामित्व हस्तान्तरण गर्ने प्रयास असफल भएपछि अन्ततः ट्रम्प प्रशासनले टिकटक माथि प्रतिबन्धको घोषणा गऱ्यो ।

प्रतिबन्ध राजनीतिक स्वार्थ प्रेरित भएको भन्दै टिकटकले सन् २०२० अगस्टमा अमेरिकी संघीय अदालत गुहाऱ्यो । अदालतमा टिकटक माथि आफूले लगाएका आरोपहरूको ट्रम्प प्रशासनले बचाउ गर्न सकेन । के कारणले अरू सामाजिक सञ्जालहरू भन्दा टिकटक राष्ट्रिय सुरक्षा चुनौतीमा थप खतरापूर्ण छ भनेर उसले अदालतलाई जवाफ दिन सकेन ।

खासगरी चिनियाँ सरकारलाई अमेरिकी नागरिकका तथ्याङ्कहरू उपलब्ध गराउँछ भन्ने आरोप प्रमाणित गर्ने कुनै आधार प्रस्तुत गर्न सकेन । यसबाट पहिलो पटक अमेरिकामा टिकटक माथिको राष्ट्रव्यापी प्रतिबन्धको प्रयास असफल भयो ।

राष्ट्रिय सुरक्षा, व्यक्तिगत गोपनीयता, सांस्कृतिक विचलन, प्रयोगको लत र मिथ्या सूचना जस्ता कारणले टिकटक माथि प्रतिबन्ध हुनुपर्छ भन्ने एकथरी मत माथि अमेरिकी संविधानको पहिलो संशोधनले ग्यारेन्टी गरेको अभिव्यक्ति स्वतन्त्रता, खुला इन्टरनेट अवधारणा, सिर्जनशीलता माथिको हस्तक्षेप, साना तथा मझौला व्यवसायमा पार्ने प्रभाव जस्ता बलिया आधार र तर्कले अमेरिकी संघीय अदालत प्रतिबन्धको विपक्षमा उभियो ।

अदालत जस्तै, खुला बजार र व्यक्तिगत स्वतन्त्रतामा आदत बनाइसकेको अमेरिकी समुदायले टिकटकको उपस्थितिलाई विना सन्देह स्वागत गरेको देखिन्छ । अहिले संसारमा सबैभन्दा बढी टिकटक प्रयोगकर्ता अमेरिकामा छन् । गएको महिनाको तथ्याङ्क अनुसार १४ करोड ३० लाख अमेरिकी प्रयोगकर्ता टिकटकमा सक्रिय छन् ।

अझै रोचक कुरा त अमेरिकीहरूले टिकटकलाई समाचारको एउटा मुख्य माध्यमको रूपमा नै रोज्न थालेका छन् । अनुसन्धान संस्था पिउ रिसर्च सेन्टरले यसै हप्ता सार्वजनिक गरेको प्रतिवेदनमा सन् २०२० मा २२ प्रतिशतले मात्र टिकटकलाई समाचारको लागि उपयोग गर्ने बताएका थिए भने यो वर्ष यस्तो प्रतिशत ४३ पुगेको छ । उता प्रतिस्पर्धी फेसबुक, जुन अमेरिकी लगानीको सञ्जाल हो, ५४ प्रतिशतबाट घटेर ४३ प्रतिशतमै सीमित भएको छ । यो अनुसन्धानले के देखाउँछ भने सरकारले आफ्नो रणनीतिक अभीष्टमा कुनै एउटा सञ्जाललाई लक्षित गर्दैमा सचेत नागरिकले त्यो स्वीकार गर्दैनन् ।

आम प्रयोग माथि प्रतिबन्ध लगाउन नसके पनि अमेरिकाले ५० मध्ये आधा जस्तो राज्यमा सरकारी कार्यालय र त्यसमा काम गर्ने कर्मचारीका डिभाइसमा टिकटक अवरुद्ध गरेको छ । बाइडेन प्रशासन पनि टिकटक र अरू चिनियाँ प्रविधि प्रयोगका सन्दर्भमा ट्रम्पकै अनुदार नीतिलाई निरन्तरता दिने मूडमा देखिन्छ ।

तर सरकारले यस्तो अवरोधको चर्को आलोचना खेपिराख्नु परेको छ । अमेरिकामा टिकटकमाथि अवरोधबारे समीक्षा गर्दै न्यूयोर्क टाइम्समा सपना महेश्वरी र अमान्दा अलपुच निष्कर्षमा पुगेका छन्- 'टिकटकमा चिनियाँ लगानी हुनु मात्र अमेरिकी सरकारको टाउकोदुखाइको कारण हो ।

बाँकी पृष्ठ-३.....

# छठ पूजाका लागि सिङ्गारियो काठमाडौँका नदी र पोखरी



काठमाडौं/शनिबार दिन ढल्दै गर्दा सन्तोष साह ललितपुरको कुपण्डोल नजिकै वाग्मती नदी किनारमा बत्ती जडान गर्दै थिए । भारत घर भएका साह हरेक वर्ष यसैगरी तिहार र छठ जस्ता पर्वमा बत्ती जडान गर्न यहाँ आउँछन् ।

नदी किनारमा छठ पूजाका लागि झिलिमिली बत्ती सजावटको जिम्मेवारी यसपटक पनि उनी आफैले लिएका छन् । 'हरेक वर्ष छठमा यहाँ बत्ती जडान मैले नै गर्दै आएको छु', उनले भने, 'यसपाली पनि मैले नै जिम्मेवारी लिएर काम गरेको छु ।'

साहसँगै विराटनगरका रमेश अग्रवाल पनि छठको तयारीमा व्यस्त देखिए । छठ पूजाका लागि वाग्मती नदी किनारमा बालुवा मिलाउँदै उनले भने, 'म विगत ३० वर्षदेखि थापाथली घाटमा छठ पूजा गर्दै आएको छु ।' अग्रवाललाई काठमाडौँका प्रदीप गिरीले साथ दिइरहेका छन् ।

उनीहरु नजिकै पाल टाँगिरहेका उदयपुरका प्रवेश परियारको व्यस्तता पनि कम थिएन । परियारले आफूले पछिल्लो तीन वर्षयता छठ पूजाका लागि यहाँ पाल बनाउँदै आएको सुनाए ।

आरके रेन्टल एण्ड टेण्ट हाउसमार्फत १५ भन्दा बढी मजदुर छठ पूजाको तयारीका लागि पूजास्थल बनाउन जुटिरहेका छन् । बत्ती जडान र गेट बनाउनेलगायतका काममा उल्लेख्य संख्यामा मजदुर खटिएका छन् । सजावटको काम सकिएपछि सो स्थानमा छठी माताको मूर्ति पनि राखिनेछ ।

छठ पूजा समिति कुपण्डोलका संयोजक सतिशकुमार झाले छठ पूजाको सम्पूर्ण तयारी पूरा भएको जानकारी दिए । उनले छ सय हाराहारी बर्तालुको व्यवस्थापन हुने गरी छठ पूजाको तयारी गरिएको बताए । 'पाल टाँगेर बत्ती सजावटको काम सकिएको छ । छठी माताको पूजा गरी रातभर जाग्राम बस्ने भक्तजनको व्यवस्थापनको काम गरिरहेका छौँ, गत वर्षको तुलनामा यसपटक भक्तजन बढ्ने अनुमान गरिएको छ', उनले भने ।

काठमाडौँ उपत्यकाको सबैभन्दा पुरानो र ऐतिहासिक छठ पूजा समितिका रुपमा दर्ता भइ हरेक वर्ष छठ पूजा आयोजना गरिदै आएको संयोजक झाको भनाइ छ । कुपण्डोल पुलदेखि पश्चिमतर्फका वाग्मती नदी किनारमा १५ वर्षदेखि छठ पूजा गर्दै आइएको समितिले जनाएको छ ।

पछिल्ला वर्षहरुमा काठमाडौँ उपत्यकामा छठ पर्वको रौनक बढ्दै गएको छ । तराई-मधेसमा मात्र नभई मुलुकका सबै भू-भागमा छठ पर्व मान्ने चलन विस्तार भइरहेको छ । विभिन्न समुदायले सामूहिक रुपमा छठ पर्व मनाउँदै गर्दा छठ साँझा पर्वका रुपमा विकास भएको छ । छठ पर्वले सामाजिक सद्भाव कायम गर्दै आपसी भाइचारा अभिवृद्धिमा महत्पूर्ण योगदान दिएको छ ।

छठ सबै समुदायको साझा पर्वका रुपमा मानिदै आएको समितिका संयोजक झाको भनाइ छ । 'काठमाडौँमा छठ पर्व चिनाउने भनेकै यही छठ पूजा समितिले हो । उपत्यकाका सबै समुदायका मानिस आएर यहाँ सौहार्दपूर्ण वातावरणमा पूजा गर्दै आउनुभएको छ', उनले भने ।

छठ पूजा समितिका अनुसार भोलि आइतबार साँझ राष्ट्रपति, उपराष्ट्रपतिलगायत विशिष्ट व्यक्तिहरुले कुपण्डोलस्थित छठ पुजास्थल पुगी छठी माताको दर्शन तथा पूजा आराधना गर्ने कार्यक्रम छ । छठ पर्वको मुख्य दिन भोलि साँझ अस्ताउँदो सूर्यलाई पूजा आराधना गरी अर्घ दिइन्छ भने त्यससको भोलिपल्ट बिहान उदाउँदो सूर्यलाई अर्घ दिएर छठ समापन गरिन्छ । राजधानीका अन्य स्थानमा पनि छठ पूजाको तयारी गरिएको छ ।

नेपाली समाजमा कुरितीका रुपमा रहेको जातीय विभेद र छुवाछूत अन्त्य गर्ने पर्वका रुपमा पनि छठलाई लिइन्छ । 'छठ पर्वमा सबैभन्दा ठूलो महत्व भनेको हामीले समावेशी सिद्धान्तका लागि राजनीतिक संघर्ष गरिरहेका छौँ, यो पर्वभन्दा ठूलो उदाहरण अरु हुन सक्दैन । किनकी छठ पूजाको सामग्री र सामूहिक पूजा गरिन्छ । मधेसका डोम जातिले बनाएको बाँसबाट बनाइएका सामग्री, कुमालेको भाडाकुडा, किसानले उत्पादन गरेका तरकारी भनेपछि सामान्यदेखि सम्पन्न किसानको सामग्री प्रयोग, घाटमा पूजा गर्न आउनेले कुनै जात नसोध्ने भएकाले यो समावेशिताको प्रतीक हो', संयोजक झाले भने ।

गौरीघाट, कमलपोखरी, विष्णुमती, नख्खु, गहनापोखरी, कुपण्डोललगायत काठमाडौँको २१ स्थानमा पूजास्थलको निर्माण गरिएको छ । विशेषगरी तराई क्षेत्रमा मनाइने छठ पछिल्लो समय पहाडी, हिमाली क्षेत्रका मानिसले पनि मनाउँदै आएको पाइन्छ ।

सत्य र अहिंसाप्रति मानवको रुचि बढाउने तथा सबै जीवप्रति सहानुभूति राख्न अभिप्रेरित गर्ने महान् छठ पर्व चार दिनसम्म मनाइन्छ । यो पर्वमा षष्ठी भगवतीको पूजाअर्चना गरी पुत्र, पति र परिवारको कल्याणको कामना गरिन्छ । छठ पर्वको अवसरमा पञ्चमीका दिनदेखि व्रत बस्ने महिला तथा पुरुषले निष्ठापूर्वक पवित्र जलाशयमा स्नान गरी बेलुका दूध, चामल र सख्खरको खीर बनाइ प्रसादको रुपमा ग्रहण गर्ने प्रचलन छ ।

कात्तिक शुक्ल चतुर्दशीका दिनबाट सुरु हुने छठ पर्व सूर्यको आराधना गरी मनाइन्छ । अत्यन्तै श्रद्धा र निष्ठाका साथ व्रत बसी अस्ताउँदो सूर्य र उदाउँदो सूर्यलाई पूजा गरी मनाइने यो पर्व वर्षको दुईपटक चैत र कात्तिक महिनामा मनाउने गरिन्छ । विधि विधानअनुसार मनाएमा आफ्ना सम्पूर्ण कष्ट हटेर जाने जनविश्वास रहिआएको छ ।

श्रद्धापूर्वक मनाइने छठ पर्वका लागि ढाकी, नाङ्लो, कोनियाँ, डगरी, उखु, केरा, हल्दी, अदुवा, निम्बु, मूला, नरिवल, पान, सुपारीसहितका फलफूल तथा माटोका हात्ती, ढकनी, घैला र नयाँ बर्तालुका लागि नयाँ कपडा, घाट सजाउनमा प्रयोग हुने लगायका सामग्रीको प्रयोग गर्ने गरिन्छ ।

रानीपोखरीमा उल्लास पूर्वक मनाइने यो पर्व २०७२ सालमा गएको भूकम्पपछि गौरीघाट, कमलपोखरी, विष्णुमती, नख्खु, गहनापोखरी, कुपण्डोललगायत कमलपोखरी, वाग्मती नदी किनारा, गौरीघाट, विष्णुमती किनार तथा यस्तै अन्य ताल तलाउमा गएर मनाइने गरिएको छ । यस पर्वले धार्मिक विश्वासका साथै पारिवारिक सुख र समृद्धि प्राप्त हुने मान्यता रहेको पाइन्छ ।

गौरीघाट छठ पूजा व्यवस्थापन समितिका अध्यक्ष अनिल सिंहले तराई केन्द्रित छठ पछिल्लो समय राजधानीसँगै अन्य क्षेत्र समुदायले मनाउँदा सामाजिक सद्भाव र एकता कायम भएको बताए । 'तराईका जिल्लामा मधेसी समुदायले मनाउनु यो पर्व पछिल्लो समयमा अन्य समुदायले पनि आस्थापूर्वक छठ पर्व मनाउने चलन बढेसँगै सांस्कृतिक विविधतामा एकता, सद्भाव बढाएको छ', उनले भने ।

छठ पर्वमा व्रत गरे दुःख र दरिद्रताबाट मुक्ति पाइन्छ भन्ने जनविश्वास छ । यस पर्वमा जो व्रत बस्न सक्दैन, उनीहरूले व्रत गर्नेबाट कामना पूरा गराउने प्रचलन छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'टाइगर ३'को चुनौती चिर्दै 'दिमाग खराब'को आक्रामक व्यापार



काठमाडौं/तिहारको माहोललाई मध्यनजर गर्दै कात्तिक २४ गतेबाट प्रदर्शनमा आएको निश्चल बस्नेतद्वारा निर्देशित फिल्म 'दिमाग खराब'ले दुई दिन निराशाजनक व्यापार गऱ्यो ।

हलमा दर्शक सिला खोज्नुपर्ने स्थिति थियो । त्यसमाथि आइतबारबाट बलिउड सुपरस्टार सलमान खान अभिनीत फिल्म 'टाइगर ३' आउँदा फिल्म 'रेड जोन'मा थियो । धेरैजसो मल्टीप्लेक्सहरुमा शोज पनि ठूलो मात्रामा खोसियो ।

तर, अब्बल 'माउथ पब्लिसिटी'पछि तिहार विदामा फिल्मको अकुपेन्सी एकाएक बढ्यो । फिल्मले प्राप्त गरेका अधिकांश शोजहरु हाउसफुल हुन थाले । तिहार विदा सकिएपछि पनि फिल्मप्रति दर्शकको आकर्षण घटेको छैन । शनिबार फिल्मको व्यापार थप आक्रामक देखिएको छ । आइतबार छठको विदा रहेकाले फिल्मले दुई दिनमै दुई करोड हाराहारी कमाउन सक्ने देखिन्छ ।

कमजोर प्रतिक्रियापछि भारतसँगै नेपालमा 'टाइगर ३'को व्यापारमा ठूलो गिरावट आएको छ । जसको फाइदा 'दिमाग खराब'लाई भएको छ । फिल्मले गुमाएका शोजहरु पनि फिर्ता पाउन थालेको छ । केही मल्टीप्लेक्सहरुले त 'टाइगर ३'लाई भन्दा बढी शोज दिएका छन् । केहीले भने बराबर शोज बाँडेका छन् । शनिबार 'टाइगर ३'भन्दा 'दिमाग खराब'को अकुपेन्सी उच्च देखिएको छ ।

बलिउडको ठूलो फिल्मसँग प्रतिस्पर्धाका बावजूद पनि घरेलू दर्शकको रोजाईमा नेपाली फिल्म पर्दा निर्देशक बस्नेत हर्षित देखिन्छन् । उनी भन्छन्, 'मैले बनाउने फिल्मप्रति दर्शकहरुको विश्वास रहेको पाउँदा खुसी लाग्छ । कतिले त अर्को भाग पनि माग गर्नुभएको छ । एउटा 'फिल्ममेकर'का लागि यो राम्रो कुरा हो । मलाई गल्ती गर्ने छुट छैन भनेर दर्शकले सचेत पनि गराइराख्नुभएको छ ।'

त्यस्तै, अभिनेत्री स्वस्तिमा खड्का राम्रो नेपाली फिल्मलाई दर्शकले माया गर्ने कुरा 'दिमाग खराब'ले प्रमाणित गरेकोमा खुसी व्यक्त गर्छिन् । 'हामीले हिन्दी फिल्मसँग प्रतिस्पर्धा गर्नुपरेको थियो । ३ सय करोडको फिल्मसँग ४ करोडको नेपाली फिल्मको प्रतिस्पर्धा भैरहेको थियो । राम्रो नेपाली फिल्म बन्यो भने दर्शकले माया गर्नुहुन्छ भन्ने यो प्रमाण हो । र, म खुसी छु,' स्वस्तिमाले भनेकी छन् ।

राजनीतिक पृष्ठभूमिकामा निर्माण भएको फिल्ममा स्वस्तिमासँगै खगेन्द्र लामिछाने, दयाहाङ राई, अर्पण थापा, विजय बराल, सुमन कार्की, पुष्कर गुरुङ, माओत्से गुरुङ, राजन खतिवडा, रमा थपलिया आदिको अभिनय रहेको छ । रौनक विक्रम कडेल निर्माता र सुरज बम ठकुरी कार्यकारी निर्माताको रहेको 'दिमाग खराब'मा आकाश बरालको लेखन छ भने सुशन प्रजापतिको छायांकन छ ।

# 'बलिदान'मा सौगात !

काठमाडौं/'प्रेमगीत' निर्माता सन्तोष सेनले सोलो निर्देशकको रुपमा डेब्यू गर्न लागेको फिल्म 'बलिदान'लाई लिएर धेरैमा चासो देखिएको छ । ६ करोड बजेट पूर्वअनुमान गरिएको फिल्ममा अभिनेता अर्पण थापा अनुबन्ध भैसकेका छन् भने अर्को मुख्य भूमिकामा अभिनेता सौगात मल्ल अनुबन्ध भएको जानकारी प्राप्त छ । शुक्रबार उनीसँग निर्माता सेनले कागजी सम्झौता गरि सकेको स्रोतको दाबी छ ।




फिल्ममा सौगातले मधेशी चरित्र निर्वाह गर्ने जनाइएको छ । लक्ष्मीपूजामा सार्वजनिक गरिएको टिजरमा डमीको रुपमा एक मधेशी पात्रलाई मसिहाको रुपमा प्रस्तुत गरिएको थियो । सोही पात्रमा सौगातले अभिनय गर्ने बुझिएको छ । 'बलिदान'मा अभिनेता प्रदीप खड्काको पनि अभिनय रहने चर्चा छ । यद्यपि, यसको पुष्टि भैसकेको छैन । उनी निर्माता सेनको घर भित्रका अभिनेता मानिन्छन् ।

आसुसेन फिल्मस् प्रोडक्सनको ब्यानरमा बन्न लागेको फिल्मको निर्मातामा पवन ब्राडफोर्ड बिस्ट छन् भने कार्यकारी निर्मातामा चक्र बहादुर चन्द र प्रेम पुरी रहेका छन् । दर्शन जीको लेखन रहने फिल्मको 'स्क्रिप्ट डक्टर'मा मनोज पण्डित छन् । फिल्मको प्रदर्शन मिति आगामी वर्षको दशैंको फूलपातीलाई घोषणा गरिएको छ । फिल्मको आगामी पुषदेखि छायांकन सुरु गरिने जनाइएको छ ।

दोस्रो पटक 'बलिदान' शीर्षकमा फिल्म बन्न लागेको हो । वि.सं. २०५४ सालमा निर्देशक तुलसी घिमिरेले मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यलाई मुख्य भूमिकामा लिएर 'बलिदान' बनाएका थिए । यो फिल्म युवाहरूको सपना र बलिदानको कथामा आधारित थियो । अब निर्देशक सेनले द्वन्द्वकालको समयमा मधेशमा घटेको एउटा भयानक घटनामा फिल्म निर्माण गर्न लागेको जानकारी प्राप्त छ ।

# केबलकारलाई पहाडमा यातायात र ढुवानीको माध्यम बनाउनुपर्छ : कुलमान



बुटवल/नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले नेपालमा केबलकारहरु अझ धेरै संख्यामा निर्माण गर्नुपर्ने बताएका छन् ।

हालसम्म नेपालमा केबलकार पर्यटकलाई यात्रा गराउने उद्देश्यले मात्र बनाइएको भन्दै उनले नेपाल जस्तो पहाड र हिमालको भू बनोट भएको मुलुकमा केबलकारलाई सडकको विकल्पमा ढुवानी र यातायातको माध्यम बनाउनुपर्ने बताएका हुन् ।

शनिबार बुटवल र पाल्पा जोड्ने लुम्बिनी केबलकारको अवलोकनपछि पत्रकारहरुसंग कुरा गर्दै कार्यकारी निर्देशक घिसिङले नेपालमा केबलकारको संख्या बढ्दै गए विद्युत खपत पनि बढ्ने बताए ।

पहाडी क्षेत्रमा सडक बनाएर इन्धनबाट ढुवानी गर्नु धेरै महंगो पर्ने, ब्यापार घाटा वृद्धि हुने र वातावरण समेत प्रदूषित हुने भएकाले सरकारले केबलकारलाई प्रवर्द्धन गर्नुपर्ने उनको भनाइ छ ।

घिसिङले केबलकारहरुले नेपालमा पर्यटन प्रवर्द्धन, रोजगारी सिर्जनासंगै स्वच्छ उर्जा खपतमार्फत वातावरण संरक्षणमा पनि योगदान गरिरहेको बताए । 'केबलकारले पर्यटनमा टेवासंगै वातावरण संरक्षण र पर्यटन प्रवर्द्धनमा ठूलो योगदान गरेको छ', घिसिङले भने, 'पहाडका चुनखानीहरुबाट सिमेन्ट उद्योगसम्म ढुवानी गर्न केबलकारहरु सबैभन्दा उपयुक्त विकल्प हुनसक्छ, त्यसतर्फ सरकार र निजी क्षेत्रले ध्यान दिनुपर्छ ।'

सो अवसरमा घिसिङले केबलकारको टप स्टेशनमा रहेको बुटवल-पाल्पा ३३ केभीए प्रशारण लाइनको समेत निरीक्षण गर्दै करेन्ट लागेर हुनसक्ने सम्भावित दुर्घटना रोक्न बसन्तपुरमा एउटा पोल थप्न निर्देशन दिए ।

केबलकारका स्टेसन म्यानेजर डीएन कायस्थले लुम्बिनी केबलकारले प्रति महिना ६ लाख रुपैयाँको बिजुली खपत गरिरहेको बताए । उनले केबलकारले स्थानीयलाई प्राथमिकता दिई करिब सय जनालाई रोजगारी दिएको र प्रत्येक टिकट दरको २ प्रतिशत र कम बुटवल उपमहानगरपालिका र तिनाउ गाउँपालिकालाई सेवा शुल्क वापत बुझाउँदै आएको जानकारी गराए । *(स्रोत: अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# टिकटक प्रतिबन्ध र....

'अहिले अभियानकर्ताहरूले अमेरिकामा '#डन्टब्यान टिकटक' अभियान नै चलाएका छन् । यो कुनै लुकाइएको कुरा होइन कि टिकटकले प्रयोगकर्ताका तथ्याङ्कहरू सङ्कलन गर्छ र प्रयोगका अनुभवलाई निजीत्व गर्न शक्तिशाली अल्गोरिदम पनि प्रयोग गर्दछ । फेसबुक, युट्युब लगायत अरू सामाजिक सञ्जालले पनि त उसै गर्छन् ।

चिनियाँ लगानी हुँदैमा प्रयोगकर्ताका संवेदनशील तथ्याङ्क जोखिममा पर्छन् भन्ने मान्ने हो भने अमेरिकी वा अरू देशका कम्पनीले सङ्कलन गरेका तथ्याङ्कहरू आर्थिक र अन्य गलत स्वार्थमा चीन वा शक्तिकेन्द्रको हातमा पुग्दैनन् भन्ने आधार के छ भनेर अभियन्ताहरूले प्रशासनमाथि उल्टै प्रश्न तेर्स्याएका छन् । व्यक्तिगत तथ्याङ्क वा गोपनीयताका सवालमा सबै सामाजिक सञ्जालको प्रयोग बराबरी नै चुनौतीपूर्ण हुन्छ भन्ने उनीहरूको मत हो । टिकटकमाथि नियन्त्रण गर्न हुँदैन भन्ने अर्को एउटा राजनीतिक तर्क पनि अमेरिकामा बलियो छ । जुन देशले चीनलाई तानाशाहीको देश भन्छ, अनि इन्टरनेटमाथि चीनले लगाएका अवरोध र सेन्सरसिपको खुलेरै विरोध गर्छ, कसरी उसकै स्तरमा झरेर टिकटक र यस्ता माध्यममाथि प्रतिबन्ध गर्न सक्छ ?

अमेरिकी कम्पनीहरू अल्फाबेट, मेटा र माइक्रोसफ्टले चीनमा भोगे जस्तै अवरोध चिनियाँ वा अरू कुनै देशका प्रविधि कम्पनीले अमेरिकामा भोग्ने हो भने उसले आफूलाई लोकतन्त्रको अगुवा भन्ने हैसियत गुमाउने छ । यस्ता सैद्धान्तिक र राजनीतिक प्रश्नका बीचमा पनि अमेरिकाले टिकटक माथिको सीमित प्रतिबन्ध भने कायम राखेको छ ।

अमेरिकी प्रशासनको अभ्यासलाई पछ्याउँदै अस्ट्रेलिया, न्यूजिल्याण्ड, क्यानाडा, बेलायत सहित युरोपेली संघका केही देशहरू नेदरल्याण्ड, नर्वे, बेल्जियम लगायतले पनि सरकारी कार्यालयमा कर्मचारीहरूलाई टिकटक प्रयोगमा रोक लगाएका छन् । तर यी सबै देशहरूमा आमनागरिकले गर्ने प्रयोगमा भने कुनै हस्तक्षेप गरिएको छैन ।

अहिले प्रविधि र अर्थतन्त्रका उदाउँदा प्रतिस्पर्धीका रूपमा देखिएका चीन र भारतबीच कूटनीतिक सम्बन्ध अत्यन्तै असहज अवस्थामा छ । सन् २०२० मा दोक्लाममा भएको सैनिक टकरावपछि राष्ट्रिय सुरक्षामा गम्भीर चुनौती रहेको भन्दै भारत सरकारले टिकटक सहित दर्जनौं चिनियाँ लगानीका डिजिटल प्लेटफर्म माथि पूर्ण प्रतिबन्ध लगाएको छ ।

त्यस्तै इन्टरनेट स्वतन्त्रताका सन्दर्भमा भारतको अन्तर्राष्ट्रिय छवि अत्यन्तै खराब छ । राजनीतिक प्रदर्शनहरू र सरकारको विरोधलाई दमन गर्न भारतले डिजिटल प्लेटफर्ममा रोकावट मात्र होइन मोबाइल डाटा र ब्रोडब्याण्ड नेटवर्कहरूमा समेत नियमित जस्तो अवरोध पुऱ्याउँदै आएको छ ।

गएको ७ वर्षमा भारत सरकारले ६८० पटक इन्टरनेट सेवा अवरुद्ध गरेको तथ्य वासिङ्गटन पोस्टको एउटा रिपोर्टमा उल्लेख छ । सरकारको आलोचना र राजनीतिक आवाज नियन्त्रण गर्न अनि धार्मिक तथा जातीय पक्षपोषणका लागि अफगानिस्तान र सोमालिया सरकारले पनि टिकटकमाथि पूर्ण प्रतिबन्ध लगाएका छन् ।

नेपालको प्रतिबन्ध यी कुनै पनि देशका सन्दर्भसँग मेल खाँदैन । प्रधानमन्त्री प्रचण्ड र सरकारका प्रवक्ता सूचना तथा सञ्चार मन्त्रीले 'सामाजिक सद्भाव र पारिवारिक माहोल खल्बलियो' भन्ने हलुका आधार प्रस्तुत गरेर प्रतिबन्धको बचाउ गरेका छन् ।

प्रतिबन्धबारे पक्ष र विपक्षमा आम मानिसका पनि अनेकन् अभिमत आएका छन् । विकृति, विसंगति 'अति' भएपछि प्रतिबन्ध गर्नु ठिकै हो भन्नेहरू एकथरी छन् । अवरुद्ध गर्ने सरकारी कदम राणाशासन भन्दा पनि निरंकुश भयो भन्नेहरू पनि छन् ।

सामाजिक सञ्जाल प्रयोगको हरेक व्यक्तिसँग फरक-फरक अनुभव हुन्छ । प्लेटफर्मको पक्षमा होस् वा विपक्षमा आएका यस्ता धारणा व्यक्तिगत अनुभवबाट आउने मनोगत अभिव्यक्ति हुन् । अझ अल्गोरिदमको प्रयोगले हरेक व्यक्तिको स्क्रिनमा आउने सामग्री उसको आदत, आबद्धता, भूगोल, उमेर र रुचि जस्ता कुरामा आधारित भएर आउने हुँदा सबैको भोगाइ एउटै हुँदैन ।

व्यक्ति आफ्नो भावनाबाट निर्देशित भएर कुनै प्लेटफर्म बहिष्कार गर्न वा जोडिन स्वतन्त्र हुन्छ । तर, के राज्यले व्यक्ति जस्तै मनोगत भएर, भावनामा बगेर फलानो सामाजिक सञ्जाल आजदेखि बन्द भन्न पाउँछ ? के हामीले संघर्ष गरेर ल्याएको लोकतन्त्र र संविधानले लाखौं नागरिक आवद्ध सार्वजनिक बहसको थलो जुनसुकै बेला बन्द गर्ने अधिकार सरकारलाई दिन्छ ?

नेपालको संविधानले सार्वजनिक सञ्चारका माध्यममाथि प्रतिबन्धको परिकल्पना गरेको छैन । सञ्चारको हक अन्तर्गत संविधानको धारा १९ मा कुनै पनि डिजिटल माध्यम बन्द, जफत वा खारेज गर्न नपाइने स्पष्ट व्यवस्था छ । मनासिव प्रतिबन्धका केही शर्तहरू छन् तर त्यसको लागि पनि विशेष परिस्थितिमा नागरिकका स्वतन्त्रता हनन् नहुने आधार सहित विधायिका संसदले कानुन निर्माण गर्नुपर्दछ ।

संविधान र कानुनले दिएको सीमाभित्र रहेर मात्र सरकारले आफ्ना निर्णय गर्ने हो । टिकटक प्रतिबन्धको पृष्ठभूमिमा केही दिन अगाडि सरकारले सामाजिक सञ्जाल सञ्चालन निर्देशिका जारी गरेको सार्वजनिक भएको थियो । निर्देशिकाको औपचारिक प्रति अझैसम्म गुपचुप राखिएको छ ।

सञ्चार मन्त्रालयका अधिकारीहरूले सार्वजनिक गरे अनुसार निर्देशिकाका प्रावधानहरू लोकतन्त्रमा स्वीकार गर्न नसकिने अत्यन्त गम्भीर प्रकृतिका छन् । जुनसुकै इन्टरनेट प्लेटफर्म पनि सरकारले चाहेको बेला बन्द गर्न सक्ने व्यवस्था निर्देशिकामा गरिएको छ ।

कानुन बनाउने जनप्रतिनिधिको थलो संसदको क्षेत्राधिकार हस्तक्षेप गर्दै निर्देशिकाले यति संवेदनशील विषयमा सञ्चार मन्त्रालयमा स्थापना हुने एउटा इकाइले निर्णय गर्न सक्ने डरलाग्दा प्रावधान समेटेको छ ।

यो निर्देशिका यही अवस्थामा कार्यान्वयनमा आयो भने सबै सामाजिक सञ्जालहरू मात्र होइन, इन्टरनेटमा निर्भर समाचार, व्यवसाय, शैक्षिक प्रयोजन सहित सबैखाले प्लेटफर्मले अनेकखाले हस्तक्षेप र अवरोध भोग्नुपर्नेछ ।

विवादित निर्देशिका सार्वजनिक नगर्दै हतासमा एउटा लोकप्रिय प्लेटफर्म अवरोध गरिनुमा कतै यो राजनीतिक अभीष्ट प्रेरित त छैन भन्ने तर्कलाई बल पुगेको छ । सत्तापक्ष र मुख्य राजनीतिक दलहरूप्रति नागरिक स्तरबाट चरम निराशा व्यक्त भइरहेको सन्दर्भमा यो निर्णय लिइएको स्पष्ट छ ।

अझ प्रमुख प्रतिपक्ष सहित बसेको राजनीतिक शीर्ष नेतृत्वको बैठकले यस्तो निरंकुश कदम चाल्न सरकारलाई बल दिएको समाचार सार्वजनिक भएको छ । जनताका निराशा सम्बोधन गर्ने नियमित बाटोका विकल्प छाडेर हतासमा लिइएका यस्ता कदमले राजनीतिक दलहरूमाथि थप अविश्वास बढाउने छ ।

यो बहसको निष्कर्ष इन्टरनेटमा हुने यस्ता अवरोधले समस्याको समाधान दिंदैन बरू थप जटिलतातर्फ लैजान्छ भन्ने हो । हामीले अवलम्बन गरेको राजनीतिक र संवैधानिक प्रणालीले पनि नागरिक अधिकार माथिको यस्तो हस्तक्षेप स्वीकार गर्दैन ।

तर, यसको अर्थ सामाजिक सञ्जाल र अरू डिजिटल प्लेटफर्म माध्यम भएर समस्या सिर्जना नै हुँदैनन् र जे-जस्ता समस्या आए पनि स्वच्छन्द छाड्नुपर्छ भन्ने होइन । देशको संविधान, कानुन र अन्तर्राष्ट्रिय स्वीकार्य मान्यताहरूको सीमाभित्रै रहेर सबैजसो समस्याको समाधान गर्न सकिन्छ ।

इन्टरनेटको नियमनका सन्दर्भमा संसारभर बहसहरू जारी छन् । यो नेपाल वा अरू कुनै एउटा देशमाथि मात्र आइपरेको विशिष्ट जटिलता होइन । डिजिटल प्रविधि हरेक दिन जसरी विस्तारित हुँदैछ नयाँ-नयाँ चुनौती उसैगरी थपिंदै छन् ।

समस्या सबै मुलुकमा छन् । तर, सैद्धान्तिक मान्यतामा स्पष्ट, साधनस्रोतमा सम्पन्न, पर्याप्त प्राविधिक जनशक्ति र इच्छाशक्तियुक्त राजनीतिक नेतृत्व हुने देशले सहज व्यवस्थापन गरिराखेका छन् । पर्याप्त साधनस्रोत नहुने राष्ट्रहरू सामूहिक प्रयासमा जुटेका छन् । एउटा देशका सफल अनुभव अरू देशले ग्रहण गरेका छन् र परिस्थितिलाई प्रविधि विकासमैत्री बनाउँदै लगेका छन् ।


गाली-बेइज्जती, गोपनीयता हनन्, अनलाइन हिंसा, मिथ्या सूचना, बौद्धिक तथा प्रतिलिपि अधिकार हनन् लगायत समस्या समाधान गर्न सामाजिक सञ्जालहरू आफैंले सरकारहरूलाई उपयुक्त कानुन निर्माण गर्न र बहुपक्षीय सहकार्य गर्न आह्वान समेत गर्ने गरेका छन् ।

मेटाका संस्थापक मार्क जुकरबर्गले चार क्षेत्रहरू, दूषित सामग्री, निर्वाचनमा दुरुपयोग, गोपनीयता र तथ्याङ्क व्यवस्थापन मुख्य चुनौती भएको भन्दै सरकारहरूसँग नियमन सहकार्यको आह्वान गरेका थिए । राज्यस्तरमा खासगरी राजस्व, माध्यम एकाधिकार र अपराध नियन्त्रणमा हुनुपर्ने समन्वयलाई पनि चुनौतीको रूपमा लिने गरिएको छ ।

*(साभार: अनलाइनखबर)*







## आज छठ, राप्तीतट झकिझकाउ

आज छठ पर्व मनाईदैछ । हरेक वर्ष झैं राप्तीतटमा छठ पूजाका लागि पण्डाल बनाइएको छ । राप्ती पुलको उत्तरतर्फ सामूहिक रुपमा पूजाका लागि २० फिट चौडा र ६ सय ५० फिट लम्बाइका ३५ वटा पण्डाल बनाएर पूजाआजाको लागि तयारी गरिएको छ । विशेषत: तराई क्षेत्रमा मनाइने छठ पर्व विगतका वर्षदेखि नै हेटौंडामा तराई र पहाडी समुदायले एकसाथ मनाउँदै आएका छन् । राप्तीतटमा सरसफाइ गर्ने, जमिन सम्याउने, गेट बनाउने पूजा गर्ने स्थानका लागि पण्डाल बनाउने र श्रृंगारको काम सकिएको छठ पूजा समारोहका सहकोषाध्यक्ष राजदेव बनियाँले बताए । छठ पर्वमा हेटौंडा उपमहानगरपालिकाले पनि सहयोग गरेको छ । राप्तीतटमा हेटौंडा अस्पतालले स्वास्थ्य शिविर राख्ने र सामुदायिक प्रहरीले सहजीकरणका लागि शिविर राख्ने जनाइएको छ । मकवानपुरमा प्रत्येक वर्ष छठ मनाउनेको संख्या बढ्दै गएको छ । यसवर्ष राप्तीतटमा ६० हजार भक्तजन आउने अनुमान समितिको छ । छठले मकवानपुरमा मधेसी र पहाडी समुदायबीचको सद्भाव र आपसी सम्बन्ध सुमधुर बन्दै गएको मधेसी सेवा समाजका सचिव नन्दलाल दास बताउँछन् । आइतबार साँझको अर्घ्य दिएर मनाइने छठपर्व विधिवत रुपमा भने शुक्रबारबाट सुरु भएको छ । छठको पहिलो दिन वर्तालु नहाय खाय गरी छठ आरम्भ गर्छन् । दोस्रो दिन खरना विधि गरिन्छ । तेस्रो दिन बेलुकी अस्ताउँदो सूर्यलाई अर्घ्य दिन वर्तालुले रातभरि जाग्राम बसी भोलिपल्ट बिहान उदाउँदो सूर्यलाई पुन:अर्घ्य दिएर व्रत समाप्त हुन्छ । *तस्बिर: साझाकुरा ।*

# जनस्तरबाट बज्रबाराही मन्दिरको संरक्षण गरिने

साझाकुरा संवाददाता

हेटौंडा, २ मंसिर/ मकवानपुरको थाहा नगरपालिका-६, मा रहेको शक्तिपीठ वज्रवाराही मन्दिरको संरक्षण र प्रवर्द्धन जनस्तर बाट गरिने भएको छ ।

वज्रवाराही मन्दिर जाने सिँढी मर्मतसँगै मन्दिर परिसरको जीर्णोद्धारपछि नयाँ मूर्ति प्रतिस्थापनसँगै मन्दिरसम्म पुग्ने सिँढी जनस्तरबाट निर्माण गर्न लागिएको हो । थाहानगरसँगै आसपासका क्षेत्रको शक्तिपीठका रुपमा रहेको वज्रवाराही मन्दिर जाने सिँढी मर्मत र मन्दिर परिसरको जीर्णोद्धार कार्य थाहा नगर पालिका-६ को कार्यालयको बजेट तथा नेवा: पुच:, वज्रवाराही र स्थानीय समाजसेवी नारायणबहादुर जोशीको सहयोगसहित करिब ४० लाख रुपैयाँको लागतमा गरिएको थियो ।



पहिले नमिलेको वज्रवाराही मन्दिर जाने सिँढी इन्जिनियरको सहयोगमा मर्मत गर्न समाजसेवी नारायणबहादुर जोशीले मात्र झन्डै ३० लाख रुपैयाँ खर्चेको थाहा नगर पालिका-६ का वडाध्यक्ष राजेन्द्रभक्त श्रेष्ठले जानकारी दिए । वडाध्यक्ष श्रेष्ठले मन्दिर क्षेत्रलाई धार्मिक महत्वको पर्यटकीय गन्तव्यस्थल बनाउने गरी विस्तृत परियोजना प्रस्ताव (डिपिआर) अनुसार नयाँ संरचना बनाउने तयारी थालेको बताए । डिपिआर अनुसार हाल मन्दिर रहेको स्थानसँगैको वज्रवाराही मन्दिरको नाममा रहेको वज्रवाराही वनको टुप्पोमा मूर्ति प्रतिस्थापन र मन्दिरसम्म पुग्ने सिँढी निर्माण गरिने भएको छ ।

मूर्ति प्रतिस्थापन र मन्दिरसम्म पुग्ने सिँढी निर्माणका लागि करिब डेढ करोड रुपैयाँको लागत अनुमान गरिएको छ । हाल मन्दिर फेदीमा रहेको र टुप्पोमा मन्दिर थियो भन्ने विश्वास र आस्थाका साथ पुज्ने गरिन्छ । ८० फिट अग्लो मूर्ति राख्ने र मन्दिर सम्म पुग्न ८०६ वटा सिँढी निर्माण गर्ने तयारी गरिएको छ । 'हाल माटोको सिँढी रहेकोमा अब ढलान गरेर लैजाने तयारीमा छौँ,' वडाध्यक्ष श्रेष्ठले भने, 'जंगलको टुप्पोसम्म पुग्ने सिँढी भने एक घर-एक सिँढीको अवधारणामा बनाउने छौँ ।'

उनले एउटा सिँढी बनाउन पाँच/छ हजार रुपैयाँ लाग्ने अनुमान गरिएको र निर्माण सामग्री ढुवानी खर्च धेरै लाग्ने भएकाले लागत बढी भएको जानकारी दिए । वज्रवाराही वनको डाँडाको टुप्पोमा प्रतिस्थापन गरिने मूर्तिका लागि प्रदेश र स्थानीय सरकारलाई साझेदारीका लागि आग्रह गरिने बताउँदै उनले थप संरचना निर्माणपछि त्यस क्षेत्रको गतिविधि बढ्ने बताए । स्थानीय प्रमोद जोशीका अनुसार हाल वज्रवाराही वनको फेदीमा रहेको वज्रवाराही मन्दिर पहिले वज्रवाराही वनको टुप्पोमा रहेको र गुडेर आएर अहिलेको अवस्थामा रहेको भन्ने किंवदन्ती पाइन्छ । मन्दिरमा हरेक तीन वर्षमा वैशाख चण्डीपूर्णिमाका दिन ठूलो मेला लाग्ने गरेको छ ।

# कृषि वैज्ञानिकको पहिलो सम्मेलन चितवनमा

चितवन, २ मंसिर/ स्वदेश तथा विदेशका कृषि वैज्ञानिकहरुको पहिलो सम्मेलन चितवनमा हुने भएको छ । पहिलो स्नातक कार्यशाला (फस्ट ग्राजुएट कन्फ्रेन्स) यही मङ्सिर ७ गतेदेखि ९ गतेसम्म हुन लागेको हो ।



कृषि तथा वन विज्ञान विश्वविद्यालयको अनुसन्धान तथा प्रसार निर्देशनालयले पहिलोपटक यस किसिमको सम्मेलन यहाँ गर्न लागेको जनाएको छ ।

कार्यक्रम संयोजक एवं अनुसन्धान निर्देशक डा. ऋषिराम कट्टेलका अनुसार सम्मेलनको उद्घाटन सत्रमा प्रधानमन्त्री, वनमन्त्री, कृषिमन्त्री, शिक्षामन्त्री, बागमती प्रदेशका मुख्यमन्त्री, अन्य विश्वविद्यालयका उपकुलपतिलगायतको उपस्थिति रहने छ । साथै कृषि विश्वविद्यालयका पूर्व उपकुलपति, रजिष्ट्रार र पदाधिकारीहरुको पनि उपस्थिति रहने उनले जानकारी दिए ।

यसैगरी एसियाली विकास बैंक, विश्व खाद्य सङ्गठन, कृषि अनुसन्धान परिषद्, विश्वविद्यालय अनुदान आयोग, कृषि, वन र शिक्षासँग सम्बन्धित अनुसन्धानमूलक संस्थाहरुसहित विभिन्न दातृ निकायका प्रतिनिधिहरु सम्मेलनमा सहभागी हुने कट्टेलले बताए । उनका अनुसार शिक्षा तथा अनुसन्धानद्वारा कृषिमा रुपान्तरण गर्ने उद्देश्यले सम्मेलन आयोजना गर्न लागिएको हो ।

सम्मेलनमा विभिन्न विषयमा समूहगत छलफल, विद्यार्थी, प्राध्यापक तथा नीति निर्माताहरुद्वारा कृषि, वन, पशुपालन, भेटेरिनरी र मत्स्यसँग सम्बन्धित अनुसन्धान र त्यसको नतिजासम्बन्धी कार्यपत्र प्रस्तुत गरिने छ । साथै जलवायु परिवर्तन र त्यसको वैज्ञानिक व्यवस्थापनसम्बन्धी विशेष कार्यपत्रहरु प्रस्तुत गरिने छ ।

कार्यक्रममा जापान, ताइवान, नेदरल्यान्ड र भारतका १० वैज्ञानिकसहित तीन सय भन्दा बढीको सहभागिता रहने कार्यक्रम संयोजक कट्टेलले जानकारी दिए ।

'विदेशी र स्वदेशी वैज्ञानिकहरुको प्रस्तुतीकरण रहने छ । कार्यक्रमको पहिलो दिन उद्घाटनसँगै समूहगत छलफल थालिने छ', उनले भने, 'दोस्रो दिन समूहगत छलफल र प्राविधिक विषयगत प्रस्तुति तथा छलफल गरिने छ । अन्तिम दिन प्राविधिक तथा विषयक छलफलका साथै समापन गरिने छ ।'

कार्यक्रममा कृषि तथा वन विज्ञान विश्वविद्यालयका विद्यार्थी र प्राध्यापक, त्रिभुवन र पूर्वाञ्चल विश्वविद्यालयका प्राध्यापक, कृषि अनुसन्धानमा सरोकार राख्ने अनुसन्धानकर्ता, विद्यार्थी, सैसंस्थाका प्रतिनिधि र प्राध्यापकको सहभागिता रहने संयोजक कट्टेलको भनाइ थियो ।

उनका अनुसार यस प्रकारको महत्वपूर्ण सम्मेलन पहिलोपटक गर्न लागिएको हो । यसले नयाँ उपलब्धिहरुको आदानप्रदान गर्ने छ भने अनुसन्धानलाई सहयोग पुग्नेछ ।

# चित्लाङ प्याराग्लाइडिङ जोनमा समावेश



साझाकुरा संवाददाता

हेटौंडा, २ मंसिर/ बागमती प्रदेश सरकारले सन २०२४ लाई प्रदेश भ्रमण वर्ष मनाउने घोषणा गरिरहँदा नेपाल नागरिक उड्यन प्राधिकरणले मकवानपुरको उत्तरी क्षेत्रस्थित चितलाङलाई प्याराग्लाइडिङ जोनमा समावेश गरेको छ ।

चित्लाङसहित नेपालमा थप चार स्थानमा प्याराग्लाइडिङ जोन तोकिएको छ । नेपाल नागरिक उड्यन प्राधिकरणका अनुसार रामेछापको मानेडाँडा, दाङको राप्ती, मकवानपुरको चित्लाङ र स्याङ्जाको आँधीखोलामा प्याराग्लाइडिङ जोन तोकिएको हो । यसमध्ये केही जोनमा व्यावसायिक उडान समेत सुरु भइसकेको छ ।

चित्लाङमा चन्द्रागिरीबाट प्याराग्लाइडिङ थालिएको छ । प्राधिकरणले अनुमति दिएको स्थानमा मात्र यस्ता साहसिक गतिविधि गर्न पाइन्छ । पोखराबाट सुरु भएको यो साहसिक खेल पछिल्लो समय देशव्यापी विस्तार भइरहेको छ । चित्लाङ नजिकैको इन्द्रसरोबर तालमाथि पनि प्याराग्लाइडिङको सम्भावनाको खोजी गरिएको थियो । तर, प्राधिकरणले अनुमति नदिएकाले प्याराग्लाइडिङ सम्भवन भएको छैन ।

# गैंडा मारेको घटना छानबिन गर्न समिति गठन

चितवन, २ मंसिर/वन तथा वातावरण मन्त्रालयले चितवन राष्ट्रिय निकुञ्जभित्र तस्करले दुईवटा गैंडा मारेको घटना छानबिन गर्न समिति गठन गरेको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका उपमहानिर्देशक वेदकुमार ढकालको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरिएको हो ।

मन्त्रालयले सचिवस्तरीय निर्णय गरी १० दिनभित्र प्रतिवेदन बुझाउने गरी शुक्रबार समिति बनाएको हो । समितिमा नेपाली सेनाको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षण निर्देशनालयका प्रमुख सेनानी, नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोका प्रहरी नायब उपरीक्षक, राष्ट्रिय निकुञ्ज विभागका कानुन अधिकृत र अनुसन्धान अधिकृत छन् ।

उपमहानिर्देशक ढकालले आइतबार चितवन आएर स्थलगत रूपमा काम सुरु गर्ने बताए । घटनास्थलकोअध्ययन र सरोकारवालासँग छलफल गरी घटनाबारे वस्तुस्थिति हेरिने उनको भनाइ छ । आवश्यक प्रमाण सङ्कलन गरी भएका कमी-कमजोरी र सुधार गर्नुपर्ने विषयसमेत समावेश गरी प्रतिवेदन तयार गरिने छ ।



राष्ट्रिय निकुञ्जमा दुईवटा एकसिङ्गे गैंडा तस्करले धरापमा पारेर मारेपछि छानबिन गर्न समिति गठन गरिएको हो । गत बिहीबार गैंडा मृतावस्थामा भेटिएका थिए । निकुञ्जको पूर्वी सेक्टर अन्तर्गत चपरचुली क्षेत्रको वडेला खोला नजिकै छ र १८ वर्ष उमेरका पोथी गैंडा मारिएको अवस्थामा फेला पारिएका थिए । छ वर्षको गैंडा तीन दिन र १८ वर्षको गैंडा मारिएको १० दिन पछि फेला पारिएको अनुमान गरिएको छ ।

उक्त घटना सार्वजनिक भएसँगै सत्यतथ्य छानबिनको माग गरिएको थियो । नेपाली कांग्रेस चितवनले विज्ञप्ति जारी गरी घटनाको छानबिन गर्न माग गरेको थियो । संरक्षण क्षेत्रमा लागेका व्यक्तिले पनि चिन्ता व्यक्त गर्दै छानबिनको माग गरेका थिए । चितवन राष्ट्रिय निकुञ्जमा छ सय ९४ गैंडा र नेपालभर सात सय ५२ गैंडा छन् ।

## भुल सुधार

२०८० मंसिर २ गते शनिबार प्रकाशित Nirmal Multiple Campus को Notice मा **Contract No. : NMC/ WORK/NCB/2080/81-01** हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

# मंगलेश्वर युवा क्लबले जित्यो भलिबल उपाधि

साझाकुरा संवाददाता

हेटौंडा, २ मंसिर/थाहा नगरपालिकामा भएको छैटौं विनयबाबु बस्नेत स्मृति जिल्लास्तरीय रनिङ शिल्डको उपाधी मंगलेश्वर युवा क्लव थाहा-२ भाङखोरियाले हात पारेको छ ।



२७ कात्तिकमा भएको प्रतियोगिताको फाइनलमा आयोजक विनयबाबु स्मृति प्रतिष्ठानलाई ३-० को सोझो सेटमा हराउदै मंगलेश्वरले उपाधी उचालेको हो । निकै प्रतिस्पर्धात्मक खेलमा मंगलेश्वरले आयोजकलाई २५-१९,२५-२२ र २५-२३ को सोझो सेटमा पराजित गऱ्यो । उपाधीसँगै मंगलेश्वरले नगद ५५ हजार ५ सय ५५ रुपैयाँ, उपबिजेता आयोजकले २८ हजार ८ सय ८८ रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेका छन् ।

बिजेता खेलाडी तथा बिधागत उत्कृष्ट खेलाडीलाई प्रमुख अतिथि मकवानपुर क्षेत्र न २ का संघीय सांसद महेश वर्तौला तथा थाहा नगरप्रमुख बिष्णु बिष्टले पुरस्कार प्रदान गरेका थिए । प्रतियोगितामा उत्कृष्ट पाँच विधाअन्तर्गत उत्कृष्ट खेलाडी मंगलेश्वरका बलराम सुवेदी, उत्कृष्ट डिफेन्डर रोशन गोपाली, उत्कृष्ट स्पाइकर कुशल लामा र उत्कृष्ट सटर उत्सव आले तथा उत्कृष्ट नवप्रतिभा खेलाडी सुजल कार्की हुन सफल रहे । उत्कृष्ट खेलाडीलाई नगदसहित मेडल प्रदान गरिएको थियो ।

प्रतिष्ठानका अध्यक्ष शंकर कार्कीको सभापतित्वमा सम्पन्न समापनमा प्रमुख अतिथि सांसद वर्तौला, थाहानगरप्रमुख बिष्ट, वडा न १ का अध्यक्ष हेरमान गोपाली, २ का बमबहादुर सिङतान, ३ का हिरेन्द्र रायमाझी, ५ का बिष्णुबहादुर गुरुङ, ७ का शिवराज थिङ, नेकपा एमालेका नगरअध्यक्ष अच्युत्तमप्रसाद ढकाल, माओवादी नगरसचिव लक्ष्मण बिष्ट, थाहा नगर भलिबल संघका अध्यक्ष वसन्त गोपाली, थाहानगर खेलकुद विकास समितिका सदस्यसचिव अनिल लामिछाने, पालुङ जेसीजका अध्यक्ष संगम कार्की, जनकल्याण माविका प्रधानाध्यापक सानोभाइ कार्की, जिल्ला भलिबल संघका महासचिव सन्तोष श्रेष्ठ, प्रतिष्ठानका संस्थापक बिजयबाबु बस्नेत, विनयबाबुका बुबा बिष्णुबहादुर बस्नेतलगायतको उपस्थिति थियो ।

# कृषि यान्त्रिकरणले हराउँदै हल गोरु

साझाकुरा संवाददाता

हेटौंडा, २ मंसिर/ कृषिकार्यका लागि कुनैबेला हलो र गोरु अपरिहार्य थिए । असारमा धान रोप्न होस वा वैशाखमा मकै छर्न । बारीमा घैया छर्न होस वा कोदोको बाँझो फुटाएर तरकारी खेती गर्न बलिया गोरु र हलो जुवा नभई हुँदैन थियो ।


तर, मकवानपुरमा बढ्दै गएको सहरीकरण, बसाइँसराइ, युवाशक्तिको विदेश पलायन र प्रविधिको विस्तारले यतिबेला मकवानपुरको सुगम क्षेत्र मात्र होइन बिकट गाउँपालिका क्षेत्रको कृषिकार्यमा परिवर्तन ल्याइदिएको छ । जसका कारण गाउँघरमा गोरुको महत्व हराउँदै गएको छ । ट्याक्टरसहितका कृषिऔजारको प्रयोग दिनप्रतिदिन फैलिँदै गएको छ ।

मकवानपुरको हेटौंडा उपमहानगरपालिका, मकवानपुरगढी गाउँपालिका, भीमफेदी गाउँपालिका, इन्द्रसरोवर गाउँपालिका, थाहा नगर पालिका, कैलाश गाउँपालिका, राक्सिराङ गाउँपालिका, मनहरी गाउँपालिका, बकैया गाउँपालिका र बागमती गाउँपालिकामा हिजोआज खेतबारीमा गोरुले जोत्नुको सट्टा हाते ट्याक्टर र ठुला ट्याक्टरले जोत्नेक्रम निकै बढेको किसानहरु बताउँछन् ।

पहिलेको तुलनामा गोरु पालेर खेत र बारी जोत्ने काम निकै कम भएको र अहिले सबै काम ट्याक्टरबाट भइरहेको मकवानपुर गढी-५ का किसान श्याम घिमिरे बताउँछन् । कृषिप्रविधिको विस्तारका कारण आधुनिक फलामे हलोसमेत कृषकबाट विस्थापनको चरणमा देखिन्छ । नेपालमा पछिल्लो समय कृषिमेशनरीको प्रयोग बढेको नेपालमा ट्याक्टरको कारोबार गर्ने व्यवसायी उमेशनारायण मानन्धर बताउँछन् ।

## जय शिव शम्भो

## धार्मिक यात्रामा जाने हो ?



मथुरा, वृन्दावनको लागि
२०८० मंसिर १४ गते
रिजर्भ बस खुल्दैछ

*(दर्शनीय स्थानहरु: राम जन्मभूमि अयोध्या, नैमिसारण्य, मथुरा, वृन्दावन, गोकुल, गोवर्धन, नन्दगाउँ, वर्सानाहुँदै ८ देखि ९ दिनमा नेपाल आइपुगिनेछ ।)*

भाडा प्रतियात्रु ने.रु. १६,०००।- लाग्नेछ ।
(विहान बेलुकाको खानासहित)

*(नोट: रिक्सा, टाँगा, धर्मशाला अन्य खर्च यात्रु स्वयम्ले व्यहोर्नु पर्नेछ ।)*

**सम्पर्क:**
**गोपाल थापा**
**हेटौंडा बसपार्क**
**९८४५२९७६८१**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना